मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily


◆ वर्ष : २५ ◆ अङ्क : ८ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ मंसीर ८ गते आइतवार (Sunday, November 24. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु : ४/-

सूचना

संघीयताको महत्वपूर्ण सारः मानव बेचबिखन अन्त्यका लागि जिम्मेवार रसहकार्यसहित गरौं खबरदार ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## नेपाल जिका भाइरसको जोखममा



**झापा, मंसीर ७।** नेपालमा यो वर्ष डेंगुको संक्रमण धेरै भएको र अझै डेंगु सार्ने लामखुट्टे सक्रिय रहेकाले सावधानी अपनाउन चिकित्सकहरुले सुझाव दिएका छन् ।

डेंगु सार्ने लामखुट्टे र जिका भाइरस सार्ने लामखुट्टे एउटै हुने भन्दै नेपालमा पनि जिका भाइरस फैलन सक्ने भएकाले सावधानी अपनाउन डाक्टरहरुले सुझाव दिएका हुन् ।

भारतको राजस्थानमा एक सय ५९ जनामा जिका भाइरसको संक्रमण देखिएको ब्रिटिस मेडिकल जर्नल 'ग्लोबल हेल्थ' मा प्रकाशित भएपछि नेपालमा पनि खुला सिमानाका कारण त्यसको संक्रमण हुन सक्ने सरुवा रोग विशेषज्ञ डाक्टर शेरबहादुर पुनले बताए । यस्तै भारतका अन्य ठाउँमा पनि जिका भाइरसको संक्रमण देखा परेको बताइएको छ ।

भारतमा जिका भाइरस आइसकेकाले नेपाल यो रोगको उच्च जोखिममा भएको र जिका परीक्षण गर्नमा ढिलाइ गर्न नहुने डाक्टर पुनको भनाइ छ । जिकाका लक्षण पनि डेंगुसँग मिल्दोजुल्दो हुने उनको भनाइ छ । एडिस जातको लामखुट्टेले टोकेको ३देखि १४ दिनमा जिकाका लक्षणहरू देखिने गर्छन् । लक्षणहरू डेंगुसँग मिल्दोजुल्दो हुने भए पनि कडा नहुने भएकाले धेरैले यसप्रति ध्यान नदिने गरेको उनले बताए ।

विषेशगरी गर्भवती अवस्थामा जिका संक्रमण भएमा जन्मने बच्चाको टाउको सानो हुने तथा स्नायु प्रणालीमा तत्काल वा दीर्घकालीन प्रभाव पर्ने विभिन्न अध्ययनले देखाएको उनको भनाइ छ । जिका भाइरसको संक्रमण हुँदा सामान्य ज्वरो आउने, जीउ र जोर्नी दुख्ने, टाउको दुख्ने, आँखा रातो हुने लगायतका लक्षण देखिने डाक्टर पुनले बताए ।

चिकित्सकहरुले भारतसँग सीमाना जोडिएका जिल्लाहरुमा विशेष सावधानी अपनाउन आग्रह गरेका छन् । आफ्नो स्वास्थ्यप्रति हेल्चेक्र्याई नगर्न आग्रह गर्दै ज्वरो आएमा तत्काल स्वास्थ्य संस्थामा जान चिकित्सकहरुले सुझाव दिए ।

# पर्यटक भित्र्याउन धार्मिक महोत्सव

**बिर्तामोड, मंसीर ७ ।** नेपाल भ्रमण वर्ष २०२० शुरु हुन करिव एक महिना मात्रै बाँकी छ ।

गत वैशाखमा सरकारले सन् २०२० लाई पर्यटन वर्ष घोषणा गर्दै पोखराबाट कार्यक्रमको शुभारम्भ गरेको थियो । २० लाख बाह्य पर्यटक भित्र्याउने महत्वकाक्षी योजनासहित शुरु गरिएको भ्रमण वर्षको गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वी सुब्बाले उद्घाटन गरेका थिए ।

सरकारले तामझामका साथ देशभरमा २० लाख पर्यटन भित्र्याउने तयारी गरिरहँदा झापामा मात्रै आन्तरिक तथा बाह्य पर्यटक १० लाखभन्दा बढी पर्यटक भित्र्याइने लक्ष्यसहित झापाका विभिन्न धार्मिक संघ-संस्थाले महायज्ञ सञ्चालन गरिरहेका छन् । महायज्ञबाट धार्मिक पर्यटनको विकासमा टेवा पुग्नुका साथै त्यस क्षेत्रका संरचनाको सुधारका लागि सहयोग जुट्ने अपेक्षा गरिएको छ ।

धार्मिक पर्यटनका दृष्टिकोणले झापा अग्रस्थानमा रहेको भन्दै यहाँ रहेका विभिन्न धार्मिक शक्तिपीठमा अहिले धार्मिक महायज्ञ सञ्चालनमा रहेका छन् । शिवसताक्षी नगरपालिकामा रहेको सताक्षीधाममा मात्रै पाँच लाख पर्यटक भित्र्याउने लक्ष्यसहित महायज्ञ सञ्चालित छ । देश तथा विदेशका गरी ५ लाख २० हजार भक्तजनले सताक्षीधामको दर्शन गर्ने लक्ष्य लिइएको छ ।

पूर्वकै पशुपति नाथका नामले परिचित अर्जुनधारा जलेश्वर धाममा पनि ३७औं अनुष्ठान सञ्चालनमा छ । जहाँ झण्डै ३ लाख धर्मानुरागीले दर्शन गर्ने धामको लक्ष्य रहेको छ ।

त्यस्तै बाह्रदशी गाउँपालिका- ६मा रहेको कञ्चनगढधाम साधुकुटी गौरीशंकर गायत्री स्वरुपाश्रममा पनि धार्मिक अनुष्ठान सञ्चालनमा रहेको छ । गत आइतबारबाट श्रीमद् आनन्द रामायण नवाह धान्याञ्चल बिराट ज्ञान महायज्ञ शुरु भएको हो । जहाँ झण्डै दुई लाख आन्तरिक तथा बाह्य पर्यटकको सहभागिता रहने बताइएको छ ।

सरकारले पर्यटन वर्ष घोषणा त गर्ने तर काम भने केही पनि नगर्ने भन्दै निजी क्षेत्रले आलोचना गरिरहँदा झापामा धार्मिक संस्थाले देखाएको अग्रसरताले सबैको ध्यान केन्द्रीत गरेको छ । अहिले



जिल्लामा रहेका यि तीन वटा धार्मिक संस्थामा पर्यटकको चहल-पहल ह्वात्तै बढेको छ ।

थोरै मात्रै प्रचारप्रसार गरे पनि सताक्षीधाम, अर्जुनधारा र कञ्चननगढ धार्मिक संस्थामा आन्तरिक तथा बाह्य पर्यटकको आवागमनले झापाको पर्यटन क्षेत्रको विकासमा टेवा पुगेको बताइएको छ । अझ प्रचारप्रसारलाई तीब्रता दिँदै झापामा भएका अन्य धार्मिक तथा पर्यटकीय क्षेत्रको देश तथा विदेशमा प्रचारप्रसार गर्न सके झापामा पर्यटन व्यवसाय फष्टाउने बताइएको छ ।

पर्यटकको रोजाइमा परेको अर्को धार्मिक संस्था हो कोटीहोम । यहाँ पनि वर्षेनि झण्डै पाँच लाख भन्दा बढी पर्यटकको आवागमन हुन्छ । २०४२ सालमा कोटीहोम महायज्ञ गरिएको र अहिलेसम्म अविछिन्न प्रज्ज्वलित अग्नि कुण्डका कारण यहाँ पर्यटकको आवागमन हुने गरेको कनकाई धाम धार्मिक विकास संस्थाका अध्यक्ष नवलकिशोर दत्तले बताए ।

कन्काई धाम (कोटीहोम) पूर्वाकै महत्वपूर्ण धार्मिक पर्यटन क्षेत्र हो । यो धाम कनकाई नगरपालिका-४ भएर बग्ने प्रशिद्ध कन्काई नदी को पूर्वीय तटीय क्षेत्रमा अवस्थित छ । कन्काई

(बाँकी अन्तिम पृष्ठमा)

## कोटीहोममा योगी नरहरिनाथको शालिक

**झापा, मंसीर ७।** विश्व जागरण महा अभियान ट्रस काठमाडौंले झापाको कोटीहोममा योगी नरहरिनाथको शालिक हस्तान्तरण गरेको छ ।

गत वर्ष कोटीहोममा पुराणको आयोजना गरेर ट्रसका अध्यक्ष इश्वरकृष्ण महाराजजीले योगी नरहरिनाथको शालिक निर्माण गर्ने बताएका थिए । पाँच फिट अग्लो शालिक निर्माण गरेर शनिवार एक कार्यक्रमको आयोजना गर्दै कनकाई धाम धार्मिक विकास संस्थालाई शालिक हस्तान्तरण गरिएको छ । योगी नरहरीनाथको शालिक कनकाई नगरपालिका प्रमुख राजेन्द्रकुमार पोखरेललाई हस्तान्तरण गरिएको थियो ।

कनकाई क्षेत्र धार्मिक रुपमा अग्रस्थानमा रहेको र कोटीहोममा योगी नरहरिनाथले महायज्ञ सञ्चालन गरेर यस क्षेत्रलाई धार्मिक पर्यटकको

(बाँकी अन्तिम पृष्ठमा)

## 'मापसे' चेक गर्ने असई कारबाहीमा

**झापा, मंसीर ७।** मादक पदार्थ सेवन गरेर सवारी साधनका नचाउन आग्रह गर्ने प्रहरी स्वयम्ले मादक पदार्थ सेवन ड्युटी गरिरहेको पाइएको छ ।

मादक पदार्थ सेवन गरेर ड्युटी गरिरहेको अवस्थामा मोरङमा प्रहरी सहायक निरीक्षक (असई)माथि कारबाही प्रक्रिया अघि बढेको छ ।

बिराटनगरको बरगाछी प्रहरी चौकीमा कार्यरत् असई ताराबहादुर बस्नेतलाई ड्युटीमा मापसे गरेको अवस्थामा भेटिएको हो । ड्युटीमा आफै मादक पदार्थ सेवन गरेर सवारी साधनका चालकको मापसे चेक गरिरहेको पाइएपछि जिल्ला प्रहरी कार्यालय मोरङमा तानेर उनीमाथि कारबाही अघि बढाउन अनुसन्धान थालिएको प्रदेश-१ प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

विराटनगर महानगरपालिका-४ खारजीमा राति मापसे चेकमा खटिएका असई बस्नेतलाई नियन्त्रणमा लिन मोरङका डीएसपी राजकुमार खिँउजुको टोली पुगेको थियो । कोशी अस्पतालमा गरिएको स्वास्थ्य परीक्षणबाट बस्नेतले मापसे सेवन गरेको पुष्टि भएको छ । डीएसपी खिँउजुले जिल्ला तानिएका बस्नेतमाथि आवश्यक अनुसन्धानपछि कारबाही अघि बढाइने बताए ।

मापसे चेकका क्रममा सवारी चालकसँग विवाद गरेपछि जिल्ला प्रहरी कार्यालयमा सवारी चालकहरुले ड्युटीमा रहेका असईले मापसे गरेको जानकारी गराएका थिए । त्यसपछि घटना बाहिरिएको हो । प्रहरीले अरुलाई मापसे नगर्न आग्रह गर्ने तर आफू भने रक्सीले लठ्ठ भएर मापसे चेक गर्ने गरेको गुनासो आउने गरेको छ । ट्राफिक प्रहरीले विशेष गरेर बेलुकाको समयमा मापसे चेकजाँच गर्ने गरेको छ । दुर्घटना न्यूनीकरणमा भन्दा पनि ट्राफिकले राजश्व संकलनलाई ध्यानमा राखेर मापसे चेकजाँच गर्ने गरेको आरोप लाग्ने गरेको छ ।

## ट्रकभित्रै मृत्यु

**मोरङ, मंसीर ७।** मोरङ बिराटनगर महानगरपालिका १७ भन्सार कार्यलयभित्र रहेको ट्रान्स नेपालको पार्किङ स्थलमा रोकी राखेको भारतीय नम्बर प्लेटको ट्रकभित्र एक भारतीय नागरिकको मृत्यु भएको छ ।

भारतबाट नेपाल आएको युपी७८एफटी ३५१६ नम्बरको ट्रकभित्र सोही ट्रकका सह चालक भारत कलोनी कानपुर नगर पञ्चायत ४ उत्तर प्रदेश बस्ने बर्ष ५६ को ईतबार अलीको मृत्यु भएको इलाका प्रहरी कार्यालय रानीले जनाएको छ ।

मिसिनेरी सामान लोट गरी गत विहीबार नेपाल आई पार्किङ गरी राखेको ट्रकमा ट्रकका चालक र मृतक अली शुक्रबार रातको खाना र ज्वरोको औषधि खाई सोही ट्रकको क्याबिनमा सुतेकोमा ट्रकका चालक भारत तिपुगञ्ज ७ उतर प्रदेश बस्ने बर्ष ३३को मो. इसादले सह चालक अलीलाई उठाउन खोज्दा नउठेकोले हेर्दा मृत अवस्थामा देखी इलाका प्रहरी कार्यालय रानीमा खबर गरेका थिए ।

सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरूको सेवा

डा. सीपी यादव
वरिष्ठ मुटु रोग विशेषज्ञ
अब २४ सै घण्टा

डा. दीपक पौडेल
वरिष्ठ नवजात शिशु तथा बाल रोग विशेषज्ञ

दैनिक सेवाहरुः
- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसूति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स-रे सेवा

नोटः ओपीडी सेवा, विहान ९ बजेदेखि ५ बजेसम्म ।
२४ सै घण्टा इमरजेन्सी तथा ICU सेवा

सञ्जीवनी अस्पताल प्रालि
बिर्तामोड-१, झापा (०२३-५४४२६०)

# सर्पले डसेर विद्यार्थीको मृत्यु भएपछि ...

**झापा, मंसीर ७।** भारतमा कक्षाकोठामै सर्पले डसेर एक बिद्यार्थीको मृत्यु भएपछि त्यस विद्यालयका प्रधानाध्यापक निलम्बनमा परेका छन् ।

शेहला शेरिनका सहपाठी तथा परिवारका सदस्यहरूले उक्त घटनामा बिद्यालयले लापरबाही गरेको र समयमै उनलाई अस्पताल नलगेको आरोप लगाएका छन् । उक्त घटनाले केरला राज्यमा आक्रोश उत्पन्न भएको छ । स्थानीय अधिकारीहरूले उक्त विद्यालयका उपप्रधानाध्यापकलाई पनि निलम्बन गरी दिएका छन् ।

प्रत्यक्षदर्शीहरूका अनुसार स्थानीय समयानुसार दिउँसो तीन बजे शेरिनले आफूलाई सर्पले डसेको बताएकी थिइन् । प्राप्त विवरण अनुसार सर्प कंक्रिटको भुइँमा एउटा दुलोमा बसेको थियो । नका



सहपाठीहरूका अनुसार शेरिनले सर्पले डसेको एक शिक्षकलाई बताएको भए पनि उनले उपचार गराउने विषयमा वास्तै गरेनन् ।

ती शिक्षक पनि निलम्बनमा परेका छन् । एक घण्टापछि शरेरिनका पिताले उनलाई विद्यालयबाट लिएर गए । त्यस बेलासम्म उनलाई अस्पताल लगिएको थिएन । उनका अभिभावकका अनुसार सर्पदंशको उपचार गर्ने औषधि तीन ठाउँमा नपाइएपछि चौथो स्थानमा जाँदै गर्दा शेरिनको बाटामै मृत्यु भयो । यस घटनाले केरलामा विद्यालयको स्थितिलाई लिएर गुनासो तथा बिरोध गर्ने क्रम बढेको छ ।

सरकारी अधिकारीहरूले स्थानीय विद्यालयको सरसफाइ तथा निरीक्षण गर्न निर्देशन दिएका छन् । केरलाको मानव अधिकार आयोगका साथै विभिन्न निकायले उक्त घटनाको जाँच गरिरहेका छन्। घटना भएको वायनाड जिल्लाका सांसद राहुल गान्धीले राज्यका मुख्यमन्त्रीलाई चिठी लेखेका छन् । त्यसमा उनले विद्यालयहरूको 'जीर्ण पूर्वाधारबारे' ध्यानाकर्षण गराउनुका साथै पीडितका परिवारलाई क्षतिपूर्ति दिन पनि माग गरेका छन् । (वीवीसी)

## आफ्नै घाँटी रेटेर मृत्यु

**झापा, मंसीर ७।** झापा दमक नगरपालिका-६ बस्ने १ जनाले आफ्नै घाँटीमा चक्कुले काट्दा उनको मृत्यु भएको छ ।

आफ्नै घरमा ४२ बर्षीय राजीव निरौलाले आफ्नै घाँटी चक्कुले काट्दा उनी गम्भीर घाइते भएका थिए ।

लाइफ-लाइन अस्पताल दमकमा सामान्य उपचार पश्चात थप उपचारको लागि नोबेल अस्पताल बिराटनगर ल्याइएकोमा उपचारको क्रममा निरौलाको मृत्यु भएको इलाका प्रहरी कार्यालय दमकले जनाएको छ । यस घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।

नेपालीहरुको लागि भरपर्दो सेवा

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले
ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ ।




सातौं बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड

## दुर्घटनाका घाइतेलाई सहयोग

**बिर्तामोड, मंसीर ७।** सवारी दुर्घटनामा परी खुट्टा भाँचिएर थला परेर खेती उठाउन नसकेका कनकाई -९ घैलाडुव्वाका विपीन चौधरीको धान काट्न ज्येष्ठ नागरिकसहित स्थानीय जुटेका छन् ।

सहारा नेपाल बचत तथा ऋण सहकारी सेवा केन्द्र लक्ष्मीपुर र नारी चेतना महिला कृषि सहकारी घैलाडुब्बाको संयुक्त आयोजनामा 'किसानसँग पुगौं' भन्ने मूल नाराका साथ स्थानीय संघ/संगठनका कर्मचारी तथा प्रतिनिधिहरु जुटेका हुन् ।

धान काठ्ने कार्यक्रममा सहारा नेपाल सेवा केन्द्रका सदस्य तथा कर्मचारी, नारी

(बाँकी अन्तिम पृष्ठमा)

शिखर बचत तथा श्रण सहकारी संस्था लि.को
नवौं बार्षिक सधारणसभा हुने बारेको सूचना

यस संस्थाको नवौं बार्षिक साधारणसभा निम्न मिति,स्थान र समयमा सम्पन्न गर्ने सञ्चालक समितिको बैठकले निर्णय गरेको र सदस्यज्यूहरुलाई पत्राचार समेत गरिसकेको छ । यदि कारणबस पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधारमानी साधारणसभामा उपस्थितिका लागि अनुरोध छ ।

**मितिः** २०७६ मंसीर ९ गते सोमबार
**स्थानः** बिर्तामोड सिटी सेन्टरको सभाहल (पूर्व धर्मकाँटा काँकरभिट्टा रोड)
**समयः** बिहानको ठीक ११ बजेदेखि
**नोटः** साधारण सभामा उपस्थितिका लागि पत्र अनिबार्य गरिएको छ । पत्र प्राप्त नहुने सदस्यहरुले २०७६साल मंसीर ८ गतेसम्ममा कार्यालयमा आई पत्र बुझिलिन अनुरोध छ ।

अध्यक्ष
शिखर बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड-५, फोन ०२३-५४४३७०

पशुपति RMC को उत्पादन अब तपाई हाम्रो शहरमा

के तपाईं घर तथा कुनै भौतिक संरचना निर्माण गर्दै हुनुहुन्छ ? घर तथा भौतिक संरचना निर्माणका लागि आवश्यक सिमेन्ट, बालुवा, गिटी खरिद गर्ने झन्झटबाट मुक्त हुनुहोस् । तपाईं हाम्रो शहर बिर्तामोडमा अत्याधुनिक प्रविधिबाट तयार गरिएको गुणस्तरीय ढलान सामाग्री RMC उत्पादन तथा बिक्री वितरण भइरहेकोले उच्चस्तरीय निर्माणका लागि सोधी हामीलाई सम्झनुहोस् । सस्तो शुल्क ।




भौतिक संरचना निर्माणका लागि आवश्यक सिमेन्ट, बालुवा, गिटी खरिद गर्ने झन्झटबाट मुक्त हुनुहोस् !

९८०१४९८७१३

पशुपति RMC बिर्तामोड-२ रामचोक, झापा

# ४२% जमिन बाँझै

**झापा, मंसीर ७ ।** मानिस शहर केन्द्रीकृत हुन थालेपछि गाउँको जग्गा बाँझो हुने क्रम तीव्र गतिले बढेको छ। सरकारी पुरानो तथ्याङ्कले हाल १० लाख ३० हजार हेक्टर जमीन बाँझो देखाएको छ।

केन्द्रीय तथ्यांक विभागले २०६८ सालमा गरेको कृषि गणनाको तथ्यांक अनुसार नेपालमा ३० लाख ९१ हजार हेक्टरमा खेती गरिएको उल्लेख छ। आठ वर्ष पहिले कृषि गणना हुँदा कूल खेतीयोग्य जमिनमध्ये ३३ दशमलव तीन दुई प्रतिशत बाँझो थियो। अहिले वर्षको एक प्रतिशतका दरले बाँझिने क्रम बढेको अनुमान गरिएको छ। यस अवधिसम्म आइपुग्दा झण्डै ४२ प्रतिशत जमिन बाँझो रहेको बताइन्छ।

जमिन बाँझो हुनुको मुख्य कारण शहर केन्द्रित बसोबास र वैदेशिक रोजगारी नै हो। बलिया तथा तन्नेरी युवा पढाइ र कामका खोजीमा विश्वका ८३ देशमा छरिएका छन्। वैदेशिक रोजगार विभागको पछिल्लो तथ्याङ्क अनुसार झण्डै ४५ लाखभन्दा माथिको जनसंख्या विदेशमा बसोबास गर्छन्।



सरकारले जमिन बाँझो राखे कारबाही गर्ने बताए पनि नेपालमा बाँझो जमिन बढ्दै गएको छ।

यसैबीच कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार यो वर्ष धानको उत्पादन करिब ५४ लाख टन हाराहारीमा सीमित हुने भएको छ। चालू वर्षमा देशभर औसत रोपाइँ ९५ प्रतिशत थियो। अघिल्लो वर्ष देशभर ९५.३९ प्रतिशतका दरले १३ लाख आठ हजार पाँच सय हेक्टरमा रोपाइँ भएको थियो। कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांक अनुसार यो वर्ष उच्च पहाडमा ९७.९३, मध्यपहाडमा ९३ र तराईमा ९५.३३ प्रतिशतले रोपाइँ भएको थियो।

मन्त्रालयका प्रवक्ता हरिबहादुर केसीका अनुसार बर्खे बालीका लागि निर्धारण भएको १३ लाख ७१ हजार सात सय ६ हेक्टरमध्ये १३ लाख एक हजार सात सय ६ हेक्टरमा मात्रै धान बाली लगाइएको थियो। यसमध्ये क्षेत्रफल र उत्पादनका आधारमा तराई क्षेत्रको हिस्सा ७० प्रतिशतभन्दा बढी छ।

बाढी पहिरोकै कारण प्रदेश १मा १० हजार हेक्टर र प्रदेश २ को ७७ हजार हेक्टरको धानबाली प्रभावित भएको थियो। यही वर्ष 'गरिमा एफ वान हाइब्रिड' को नाममा वितरण गरिएको नक्कली बीऊका कारण ९ जिल्लामा धानको उत्पादन भएन। यसरी धानको उत्पादनमा कमी आउने भएपछि यो वर्ष चामल आयात दरमा समेत बृद्धि हुन सक्ने मन्त्रालय स्रोतले जनाएको छ। भन्सार विभागको तथ्यांक अनुसार गत वर्ष कूल एक खर्ब ६० अर्ब ५८ करोडको कृषिजन्य वस्तु आयात हुँदा सबैभन्दा बढी हिस्सा चामलकै छ।

# १५० खेलाडीको ग्रेडबृद्धि



**अर्जुनधारा, मंसीर ७।** तङ इल मो-दो संघ नेपाल जिल्ला कार्यसमिति झापाले अन्तर्राष्ट्रिय तथा राष्ट्रिय खेलाडीलाई सम्मानसहित बेल्ड प्रदान गरेको छ।

शनिबार अर्जुनधारा-८स्थित स्वस्तीका शिशु सदन माध्यमिक विद्यालयमा आयोजित कार्यक्रममा एक सय ५० जना खेलाडिलाई प्रमोशन गर्दै प्रमाणपत्र प्रदान गरिएको थियो।

खेलाडीको क्षमता र खेलाडीलाई प्रोत्साहन गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको संस्थाका मोरङ सचिव लोकबहादुर गिरीले जानकारी दिए।

अर्जुनधारा नगरपालिकाका प्रमुख हरिकुमार रानाको प्रमुख आतिथ्यमा भएको कार्यक्रम संस्थाका केन्द्रीय सदस्य राजेन्द्र मूर्ति पन्तको अध्यक्षतामा भएको थियो। विद्यालयका निर्देशक बसन्त श्रेष्ठले स्वागत गरेको कार्यक्रमको सञ्चालन लोकबहादुर गिरीले गरेका थिए।

# जागिर लगाइदिने बहानामा बलात्कार प्रयास

**झापा, मंसीर ७।** जागिर लगाइदिने भन्दै जवरजस्ती करणीको प्रयास गरेको आरोपमा दुई महिलासहित ती जनासहित पक्राउ परेका छन्।

पक्राउ पर्नेमा रोहितप्रसाद ढुंगाना, निर्मला शर्मा र मिना रिमाल रहेका छन्। पक्राउ परेका महिलाले जागिर लगाइदिने बहाना बनाएर एक युवतीलाई फकाएर ढुंगानासम्म पुर्‍याएको बताइएको छ।

ललितपुर प्रहरी परिसर, जावलाखेलले उनीहरुलाई पक्राउ गरेको हो। ललितपुर प्रहरीका डीएसपी सन्तोष तामाङका अनुसार मंसीर ५ गते पीडितलाई अन्तरवाताका लागि बोलाएर डेरामा लग्ने बहानामा गोदावरीसम्म लगेर रिसोर्टमा बलात्कार गर्न खोजेको आरोप ढुंगानामाथि लागेको छ। पीडितको जोहरी प्राप्त भएपछि पक्राउ गरेर विस्तृत अनुसन्धान थालिएको उनले बताए। रिसोर्टका कर्मचारीको सहयोगमा पीडित आफन्तसम्म पुगेको जनाइएको छ।

# समृद्ध नगर बनाउन सहकार्य आवश्यक: आचार्य

**मेचीनगर, मंसीर ७।** मेचीनगर नगरपालिकाका प्रमुख बिमल आचार्यले नगरको विकास निर्माणका काम र समृद्ध नगर बनाउन नगरका हरेक क्षेत्रको साथ सहयोगको उत्तिकै आवश्यकता रहेको बताएका छन्।

शनिबार सञ्चारकर्मीसँग कार्यक्रमको आयोजना गर्दै नगरप्रमुख आचार्यले नगरका विभिन्न संघ-संस्थाका प्रमुख प्रतिनिधि, राजनीतिक दल, अधिकारकर्मी, नगरका कार्यपालिका सदस्य, कर्मचारीलगायत सवैको साथ सहयोग नभए नगरप्रमुखले मात्र काम गर्न सम्भव नभएको बताए।

अहिले सांसददेखि हरेक जनप्रतिनिधिहरु आफूले जस पाउने काममा मात्र व्यस्त रहेको टिप्पणी गर्दैं नगरप्रमुख आचार्यले आफूले मात्र जस लिने प्रवृत्तिका कारण नगरका धेरै योजना अपहरणमा परेको आरोप लगाए। नगरपालिकाको पहलमा ल्याएको योजना मैले ल्याएको भन्दै होडवाजी चलेको र प्रचारमुखीमा लागी परेको उनको आरोप थियो।

नगरपालिकालाई वाइपास गरेर कसैले पनि एकलौटी रुपमा अघि बढ्नुले सन्देश राम्रो नजाने उनको भनाइ छ। अहिले जिल्लाका अरु स्थानीय तहमध्ये मेचीनगर नगरपालिका विभेदमा परेको दुःख व्यक्त गरे। विभेदकारी भूमिकाले नगरको विकास नहुने भन्दै आचार्यले गतवर्ष धेरै नगरका योजनाहरु नपरेको, स्माट सिटी योजना काटिएको, धेरै रकम फ्रिज भएर गएकोमा चिन्ता व्यक्त गरे। १ नम्बर क्षेत्रको आफ्नो नगरक्षेत्रभित्र शुरु भएको जनता आवस कार्यक्रम सरकारको भए पनि पार्टीकै मात्र भएको भान परेको भन्दै यस कार्यमा स्थानीय तहसँग सहकार्य समन्वय नगरेकोमा दुःख व्यक्त गरेका थिए।

'यो कार्यक्रम कुनै एउटा दलको मात्र थिएन'- नगरप्रमुख आचार्यले भने- 'तर नगरपालिकासँग सहकार्य समन्वय नै भएन यसमा दुःख लागेको छ , यसले राम्रो सन्देश पनि जादैन।'

नगरपालिकालाई अप्ठयारोमा पार्ने काम कसैले पनि गर्न नहुने तर्क उनको थियो। देशका विभिन्न ठाउँमा भारतले नेपालको भूमि मिचेको समाचार बाहिर आइरहेका बखत नगरपालिकाले भारतसँग सीमा जोडिएको क्षेत्रको सञ्चारकर्मीसहित स्थलगत अवलोकन गरेर सीमा स्तम्भ, भूमिको व्यवस्थित गर्ने बताए। मेचीनगरसँग भारतको सीमा ३४ किलो मिटर जोडिएकाले त्यसको नाप नक्शा गरेर सरकारको समेत ध्यानाकर्षण गराउने प्रमुख आचार्यको भनाइ थियो।

आफूबीच तालमेल नमिल्दा नगरले जसरी विकासमा फड्को मार्नुपर्ने हो त्यो हुन नसकेको उनको भनाइ छ। अहिले पनि नगरमा विकास निर्माणका काम धेरै अधुरा रहेकाले सम्बन्धित पक्षको ध्यानाकर्षणका लागि आफूसहित उपप्रमुख मीना पोखरेल उप्रेती आइतबार काठमाडौं जाने तयारीमा रहेको उनले सञ्चारकर्मीहरुलाई जानकारी गराए। आवश्यक परे काठमाडौंमा १ नम्बर क्षेत्रका संघीय सांसद् प्रदेशसभा सदस्यहरुसँग पनि समन्वय गर्ने बताए। नगरपालिकाका हरेक योजनामा उत्पन्न असमझारी, अन्योलता ढिलासुस्तीका बारेमा सम्बन्धित निकायको ध्यानाकर्षण गराएर छिटो छरितो रुपमा काम सम्पन्न गराउने योजना रहेको नगरप्रमुख आचार्यले बताए।

उनले पर्यटन वर्ष २०२०लाई सफल पार्न नगरस्तरीय समिति गठन, मंसीर महिनाभित्र प्रत्येक वडामा स्वास्थ्य सुविधाको व्यवस्था गर्ने, नवनिर्मित मेची पुलका कारण विस्थापित मेचीडाडा वासीहरुलाई उचित राहत उपलब्ध गराउने, अहिले मेचीनगरको विभिन्न क्षेत्रमा देखिएको रैथाने हात्तीको आतंक नियन्त्रण गर्ने, खानेपानीको उचित प्रवन्ध मिलाउने, फोहोर मैला व्यवस्थापनमा लाग्ने, साइन्स सिटी, एन्फासँगको सहकार्यमा हुने प्रशिक्षण केन्द्रका बारेमा छलफल गर्नेलगायतका विषयमा नगरप्रमुख आचार्यले सञ्चारकर्मीहरुसँग छलफल गरेका थिए।

## पर्यटक ...

धामलाई कनकाई धाम, कोटीहोम, माइधाम, माई आदि नामले पनि पुकार्ने गरिन्छ।

नेपालका विभिन्न धार्मिक महत्वका नदीहरु जस्तै कन्काई नदीमा पनि धेरै वर्ष पहिलादेखि नै स्थानीय हिन्दू धर्मावलम्वी भक्तजनहरुद्वारा आस्थापूर्वक पूजा आराधना गर्ने प्रचलन रहिआएको छ। यसो गर्दा आफूले राखेको मनोकांक्षा पूरा हुन्छ भन्ने जन विश्वास रहँदै आएको छ। नेपालको आध्यात्मिक जगतका चर्चित व्यक्तित्व तथा नेपालका राष्ट्रगुरु योगी नरहरिनाथको विशेष अगुवाई तथा विभिन्न क्षेत्रका धार्मिक सन्त तथा समाजसेवीहरुको सक्रियतामा २०४२ सालको पुस महिना भर (एक महिनासम्म) विश्वकल्याण कोटीहोम महायज्ञ यसै क्षेत्रमा आयोजना गरिएको कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलले बताए।

महायज्ञ सम्पन्न भए पश्चात यस स्थानमा महायज्ञ गरिएको अग्निलाई बचाई राख्न सोही यज्ञ कुण्डलाई यथावत राख्दै सो स्थानमा शिव पाञ्चायन मन्दिरको निर्माण गरिएको थियो (जुन मन्दिर हाल भव्य रुपमा पुनःनिर्माण गरिसकिएको छ)।

योगी नरहरिनाथ आफैले उद्घाटन गरी एउटा संस्कृत विद्यालय समेत शुरु गरेको कनकाईमा अहिले पनि सो विद्यालय सञ्चालनमा छ। दाताहरुबाट धर्मशाला तथा मठ मन्दिरको निर्माण कार्यहरु हुन थाले पनि कोटीहोम क्षेत्रलाई औपचारिक रुपमा धामको रुपमा विकसित गर्नका लागि २०४७ सालमा समाजसेवी भक्तबहादुर खड्काको अध्यक्षतामा विधान बनाइ कन्काई धाम धार्मिक विकाश सस्था कोटीहोम (छोटकरीमा कोटीहोम संस्था पनि भनिन्छ) नामक सस्थाको विधिवत गठन गरी दर्ता गरिएको थियो।

सोही संस्थाको मातहतमा हालसम्म यस स्थानको विकास निर्माण सम्पादन, समन्वय, संचालन तथा संरक्षणका कार्यहरु हुँदै आएका छन्। कनकाई धाम (कोटीहोम) मा दर्जनौ मठ, मन्दिर, धर्मशाला, पाटी पौवा, निर्मित तथा निर्माणाधीन छन् भने भने विभिन्न धर्म सम्प्रदायहरु जस्तैः बौद्ध मार्गिको गुम्वा, निम्वार्ग, कबिर, प्रणामी, साइराम, आर्य समाज आदिका आ-आफ्नै अश्रमहरु र विभिन्न थर गोत्रीय बन्धु सस्थाका आ-आफ्नै मन्दिर तथा धर्मशालाहरू पनि रहेका छन्। यस ठाउँको प्रशिद्ध तथा मूल मन्दिरको रुपमा भने कोटीयज्ञेश्वर शिव पाञ्चायन मन्दिर (छोटकरीमा कोटीहोम मन्दिर) लाई मानिन्छ।

## दुर्घटनाका ...

सचेतनाका सदस्य तथा कर्मचारी, घैलाडुब्बा ज्येष्ठ नागरिकका सदस्य, घैलाडुब्बा युवा क्लवका प्रतिनिधि, ॐ शान्तिका प्रतिनिधि, जनप्रतिनिधि, प्रहरीसहित ५५ जनाको सहभागिता थियो।

शनिवार आयोजित धान काट्ने कार्यक्रममा सहारा नेपालका लक्ष्मीपुर सेवा केन्द्रका प्रमुख उमेश भारती, चारपाने सेवा केन्द्रका प्रमुख जगत कार्की, नारी सचेतनाकी सदस्य नर्वदा संग्रौला, घैलाडुब्बा इलाका प्रहरी कार्यालयका प्रहरी नायव निरीक्षक डिल्लीकुमार खरेलको सहभागिता थियो। त्यस्तै घैलाडुब्बा जेष्ठ नागरिकका अध्यक्ष धनपति मैनाली, घैलाडुब्बा युवा क्लवका अध्यक्ष गोविन्द उप्रेती, ॐशान्तिकी ब्रमकुमारी ओशाका, जनप्रतिनिधिहरु मुना शिवा र राजेश लिम्बू लगायतको सहभागिता रहेको थियो। अर्काको डेढ विगाहा खेती जोतभोग गरेका चौधरीको ७ कठ्ठाको धान काटेको सहारा नेपाल लक्ष्मीपुर सेवा केन्द्रका प्रमुख उमेश भारतीले बताए।

सहारा नेपाल र नारी सचेतनाले विपन्न बर्गलाई माथि उठाउने उदाहरणीय कार्य गरेको चौधरीले बताए। ' मेरो खुट्टा भाँचिएर रिनपान गरेर लगाएको धान उठाउन समस्या भएको थियो'- उनले भने- 'मेरो लागि सहारा र नारी भगवान नै सावित भए।' यी संस्था जस्तै अन्य संस्थाले पनि विपन्न समुदायलाई सहयोग पुग्ने काम गर्न जरुरी रहेको उनको भनाइ छ।

अर्काको ढेड विगाह खेती अधिया गर्दै आएका विपन्न वर्गका चौधरीको २०७४ माघ १ गते लक्ष्मीपुरबाट घैलाडुब्बा जाने क्रममा अटो पल्टिएर देब्रे खुट्टा भाँचिएको थियो। उनको खुट्टामा स्टील हालेकाले अझैसम्म ठीक नभएको चौधरीले बताए। ४६ बर्षीय चौधरी २ छोरा २ छोरी र श्रीमतीका साथ ससुरालीको जग्गामा घर बनाएर बस्दै आएका छन्।

## कोटीहोममा ...

रुपमा विकास गरेकाले उनको सम्मान स्वरुप शालिक निर्माण गरेर हस्तान्तरण गरिएको ट्रष्टका अध्यक्ष महाराजजीले बताए।

शालिक हस्तान्तरण कार्यक्रममा बोल्दै नगरप्रमुख पोखरेलले धार्मिक क्षेत्रमा कनकाई नगरपालिका अग्रस्थानमा रहेको उल्लेख गरे। यस क्षेत्रको धार्मिक पर्यटन विकासका लागि महाराजजीले सहयोग पुर्‍याएको भन्दै यसले देश विदेशका पर्यटकलाई कनकाई नगरपालिका आउन उत्प्रेरित गर्ने बताए। धार्मिक संस्थाका अध्यक्ष नवलकिशोर दत्तको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत शालिक निर्माण समितिका संयोजक दीननाथ खतिवडाले गरेका थिए भने कार्यक्रमको सञ्चालन महासचिव डिल्ली बाराकोटीले गरेका थिए। कोटीहोम क्षेत्रमा योगी नरहरिनाथको शालिक निर्माणका लागि कनकाई नगरपालिकाले गतआर्थिक वर्षमा आठ लाख रुपैयाँ र चालूआर्थिक वर्षमा १० लाख रुपैयाँ बजेट बिनियोजन गरेर निर्माणका काम भइरहेको छ। कोटीहोम परिसरमाा ३५ फिट अग्लो कलश स्तम्भ निर्माण गरिने शालिक निर्माण समितिका संयोजक खतिवडाले बताए। यस क्षेत्रको पर्यटन प्रर्वद्धनका लागि स्थानीय प्रदेश र केन्द्र सरकारसंग समन्वय गरेर अगाडि बढ्ने बताइएको छ।


**जग्गा विक्रीमा**

शनिश्चरे बजार हुँदै कुशल चौकबाट एक सय मिटर दक्षिण, ३३ फुट मुख भई पूर्व फर्केको, ४० फुटे बाटोले छोएको डेढ कठ्ठा जग्गा अत्यन्त सस्तो मूल्यमा विक्रीमा रहेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला।

मो. ९८४२६५५९५०/९८०४९६९९९०

**टाटा सुमो गाडी भाडामा चाहिएमा**

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला।

मो. ९८१५९५२४९९, ९८४१३२१४६४

**कर्मचारी तु-चाहियो**

पञ्चकन्या हुँदै प्रोभिडेन्स कलेज, कृष्ण हल, मुक्तिचोक, महेन्द्र शोरुम पूर्व, कृषिथोक, शनिश्चरे लाइन तथा लक्ष्मीपुरबाट दुर्गापुर, सिमसार, कालिमुढा हुँदै चम्पापुरसम्म पत्रिका वितरण गर्न कर्मचारी आवश्यकता भएकाले तु-सम्पर्क गर्नुहोला।

मोटरसाइकल हुनुपर्नेछ। तलबः १०,०००+ बोनसले गाडी मेन्टेन गर्न सकिनेछ।

सम्पर्कः ९८०१४०४०००, ९८१६६४१५७३

**फोन नं. ०२३-५४५११७, ५४६६८५, email: jhapacoops_feed@yahoo.com**

**झापा जिल्ला सहकारी संस्था लिमिटेड, भद्रपुर-८, झापाको**

**कर्मचारी आवश्यकता**

मितिः २०७६।०८।०६

यस संघलाई देहाय वमोजिमका कर्मचारी आवश्यकता भएकोले तपशिलमा उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट आवेदन माग गरिएको छ।

तपशिल

| क्र.स. | विज्ञापन नं | पद | श्रेणी | तल | आवश्यक संख्या | आवश्यक संख्या |
|---|---|---|---|---|---|---|
| १. | ००१।०७६।०७७ | कार्यालय सहायक | सहायक द्वितीय | सातौं | २ | खुल्ला प्रतिस्पर्धा |
| २. | ००१।०७६।०७७ | सुरक्षा गार्ड | | | १ | मान्यता प्राप्त सेक्युरिटी कम्पनी |

**कार्यालय सहायक द्वितीयको आवश्यक योग्यता**

**१. शैक्षिक योग्यता :** +२ पास वा सो सरह
**२. अन्य योग्यता :** Basic Computer मा राम्रो दख्खल भएको, मोटर साइकल चलाउन सक्ने, तथा सहकारी क्षेत्रमा अनुभव भएकालाई प्राथमिकता दिइनेछ।
**३. उमेर :** १८ वर्ष पुरा भई ३५ ननाघेको, महिलाको हकमा ४० ननाघेको **४. आवेदन शुल्क :** रु.३००।-(फिर्ता नहुने)
**५ः नियुक्ति किसिम :** स्थायी **६ः परीक्षाको किसिम :** प्रयोगात्मक, लिखित र मौखिक
**७. तलवः-** रु. १५,०००।- र अन्य सुविधा संघको नियमानुसार
**८. आवश्यक कागजातः-** हस्तलिखित निवेदनमा पासपोर्ट साइजको फोटो टाँस गरिएको, वायोडाटा, नागरिकता, शैक्षिक प्रमाण पत्र, अनुभवका प्रमाणपत्र, कम्प्युटर सिप संम्वन्धि प्रमाणपत्रहरुको प्रतिलिपि।

**सुरक्षा गार्ड**

१. मान्यता प्राप्त सेक्युरिटी कम्पनीको प्रस्तावसहितको आवेदन पत्र (गोप्य शिलबन्दी) २. तलबभत्ता र सेवा सुविधा विबरण खुल्ने कागजात (गोप्य शिलबन्दी) ३. कम्पनीको सम्पूर्ण विवरण खुल्ने कागजात

**निवेदन दिने अन्तिम मितिः-** २०७६ मंसीर १५ गतेसम्म
**फारम पाउने तथा वुझाउने स्थानः-** संघको फिल्ड कार्यालय, बिर्तामोड-५ , शनिश्चरेरोड
**फो.नं. ०२३-५४६६८५, ९८४४६०६८९२**

**सञ्जु देवानः** व्यवस्थापक

**घर बनाउनका लागि नयाँ प्रविधि**

इटा, गिटी, बालुवा दोस्रो, तेस्रो, चौथो तथा पाँचौं तलासम्म लानका लागि मिनी क्रेन उपलब्ध छ। साथै मिक्सचर, जेनेरेटर, भाइब्रेटर, रड, काट्ने-बटार्ने कोरियन मेसिनहरु भाडामा उपलब्ध छ।

सम्पर्कः ०२३-५४५७५३, ९८१७९५४२३८

**आकर्षक घडेरी विक्रीमा**

चारपाने चौक, पूर्व बस स्टेण्ड, NICA बैंक उत्तर, सहारा नेपालको नयाँ भवन पछाडि, राजमार्गवाट ३ सय मिटर दुरीमा आकर्षक घडेरी विक्रीमा छ। दुईवटा वाटाले छोएको पर्याप्त मुख भएको जग्गा विक्रीमा रहेकाले इच्छुकले सम्पर्क राख्नु होला।

सम्पर्क : ९८५२६७५३०९/९८०६०५४३६३

**कर्मचारी आवश्यकता**

**प्रथमपटक प्रकाशित मितिः २०७६।०८।०५**

यस माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोडको मिति २०७६।०८।०४ गते बसेको कर्मचारी पदपूर्ति समितिको बैठकको निर्णय अनुसार निम्न लिखित कर्मचारी आवश्यकता भएकोले अनुभवी तथा इच्छुक नेपाली नागरिकबाट मिति २०७६।०८।०८ गते आइतवारसम्ममा आवेदनका लागि यो सूचना प्रकाशित गरिएको छ।

पदः **बजार प्रतिनिधि** **संख्याः** २ जना (पुरुष, स्थानीय)
**तहः** सहायक चौथो **उमेरः** १८ बर्षदेखि ३५ बर्ष ननाघेको
**न्यूनतम् शैक्षिक योग्यताः** एसईई वा सो सरह
**कार्यक्षेत्रः** बिर्तामोड नगरपालिकाभित्र
**आवेदन दस्तुरः** रु. २००।- (फिर्ता नहुने गरी)
**जमानत कागजातः** धितो जमानत रोक्का गर्नुपर्नेछ।
**तलब सुविधाः** संस्थाको नियमानुसार
**आवश्यक कागजातः** निवेदन दिनेको वायोडाटा, लाइसेन्स अनिवार्य हस्त लिखित निवेदन।
**नियुक्तको किसिमः** १ बर्षे परीक्षणकाल **परीक्षाको किसिमः** लिखित तथा मौखिक
**अन्तरवार्ता मितिः** २०७६।०८।११ गते बुधवार १२ बजे
**नतिजा प्रकाशनः** २०७६।०८।१२ गते बिहीवार
**दरखास्त दिने स्थानः** संस्थाको कार्यालय, कार्यालय समयभित्र, भद्रपुररोड, बजरंग मेडिकल पछाडि। ***नोटः सोमवार कार्यालय बन्द रहनेछ।***
***सम्पर्कः ०२३-५४२२३२, ५४६४८४, ९८०४९०१३९०***

**माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि., बिर्तामोड-४, झापा**

**बृद्धा स्याहार गर्ने महिला चाहियो**

बिर्तामोडमा स्थायी घर भएकी, ज्येष्ठ नागरिकको स्याहारका लागि २०देखि ४० बर्षसम्मकी एक जना महिलाको तु-आवश्यकता परेको हुँदा इच्छुक र स्याहारसुसार गर्न सक्ने महिलाले निम्न फोन नम्बरमा सम्पर्क गर्नुहोला।

**तलबः आपसी समझदारीमा (आकर्षक)**
**सम्पर्क मितिः २०७६ मंसीर ६ गतेदेखि १२ गतेसम्म**
**सम्पर्कः ९८४२७११३०९, ९८०११२९५५६**

नोटः बृद्धबृद्धा स्याहार गर्न अनुभव भएकालाई पहिलो प्राथमिकता दिइनेछ।

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

### आधारभूत स्वास्थ्य सेवा सुधारौं

**नेपाल सरकारको प्राथमिकताका बाबजुद नेपालमा आधारभूत स्वास्थ्य सेवाको स्थिति सुधार हुन सकिरहेको छैन । पछिल्लो समय सरकारले सर्वसाधारणको स्वास्थ्य बीमा सम्बन्धी योजना ल्याए पनि जनस्वास्थ्यको क्षेत्रमा त्यो योजनाले तात्विक फरक पारेको देखिएन । हुन त यो व्यवस्थाले रोगको उपचार गर्न अक्षम सर्वसाधारणले घरमै पीडा सहेर बस्नुभन्दा थोरै रकमको बीमामै कतिपय रोगको उपचार कम रकम वा सित्तैमा गर्न सक्ने आशा चाहिँ दिलाएको हो । नेपालमा बालबालिकामा हुने कुपोषणको अवस्था अझै नाजुक छ । बालबालिकामा हुने कुपोषणको दर विगतका वर्षका तुलनामा क्रमशः घट्दै गएको तथ्याङ्कले देखाएको छ । तर, अवस्था भने नाजुक नै छ । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणको तथ्याङ्क अनुसार कुपोषणको दर घट्दै गएको देखिएको छ । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणको सन् २०१६ को तथ्याङ्क अनुसार नेपालमा कडाखालको कुपोषण हुने बालबालिकाको संख्या १० प्रतिशत छ । वृद्धि अनुगमन, खोप कार्यक्रम, स्वास्थ्य संस्थामा सुत्केरी गराउन पुग्नु, स्वास्थ्य संस्थामा सर्वसाधारणको पहुँच वृद्धि हुनु, सरकारी तथा गैरसरकारी संस्थाले कुपोषण विरुद्धका कार्यक्रमलाई प्राथमिकतामा पारेर सञ्चालन गर्नु जस्ता कारणले कुपोषणको अवस्थामा सुधार हुँदै गएको हो । नेपालका २२ जिल्लामा अझै पनि कुपोषणको अवस्था नाजुक रहेको सरकारी तथ्यांकले देखाएका छन् ।**

**हुने खानेहरु, पहुँचवाला र सम्पत्तिवालाहरुका लागि महँगा अस्पताल छन् । स्वदेशमा उपचार सम्भव नभए विदेशका महँगा अस्पतालमा उपचार गर्ने उनीहरुको क्षमता छ । राज्यकोषको दोहन गरेरै भए पनि उनीहरु उपचार गर्छन् । एकातिर यस्तो अवस्था छ भने अर्कोतिर नेपालमा बढ्दो नसर्ने रोगको समस्यालाई ध्यानमा राखी जनस्वास्थ्यको अवस्था र आम नागरिकको स्वास्थ्य स्थिति सुधारका लागि नीतिगत योजना निर्माणमा राज्य अहिलेसम्म पनि लागेको छैन । सर्ने रोगभन्दा नसर्ने रोग बढी खतरनाक हुन्छन् । सूर्तिजन्य पदार्थ, मदिरा, गलत आहार, शारिरीक क्रियाकलापको कमी लगायतका कारणले नसर्ने रोगमा वृद्धि भइरहेको छ । हामीले जस्तै स–साना स्वास्थ्य सेवाका समस्यामा जुझिरहेका छौँ, संसार भने अति आधुनिक प्रविधिको प्रयोगले विष्मयकारी सफलता हात पार्दै गएको छ स्वास्थ्य क्षेत्रमा । अति आधुनिक प्रविधिको प्रयोग गरी उपचारको सहजतासँगै दुःसाध्य रोगलाई पहिल्यै जिनमै उपचार गरेर सन्तान जन्माउन सकिने प्रविधिको विकास सम्भव तुल्याएको छ । यसले मानव जातिमा नयाँ आशाको सञ्चार गरेको छ । नेपाल जस्तो मुलुकमा यस्तो उपचार अझै पनि सपना नै भए पनि विदेशमा परिपक्व भएका र पछि सर्वसुलभ हुन थाले ती प्रविधि विस्तारै भित्रने आशा गर्न सकिन्छ ।**

**एकातिर विकसित मुलुकहरु नवीनतम् खोजमा व्यस्त छन् भने नेपालमा सर्वसाधारण स–साना भनिने रोगहरुबाट मृत्युको मुखमा पुगिरहेका छन् । हरेक मानिसको शरीरको निर्णय गर्ने अधिकार स्वयम्मा भएको र ज्ञान भएर या नभएर मादकपदार्थ, धुम्रपान, बढी नून, जंकफुड लगायतको प्रयोगले अन्य मुलुकमाभन्दा नेपालमा छिटै प्रभाव परेको स्पष्ट छ । राज्यको नीति स्पष्ट भएमा मात्र मुलुकले दिशाबोध गर्ने हो । सार्वजनिक शिक्षा र स्वास्थ्यलाई सुधार्न सके जुनसुकै मुलुक पनि समृद्ध हुन समय लाग्दैन । हाम्रो पहिलो अर्जुनदृष्टि आधारभूत स्वास्थ्य सेवामा केन्द्रित हुन जरुरी छ ।**

### सामाजिक सञ्जाल



कालापानीमा दिल्लीको दादागिरी झन् जब्बर हुँदैछ, प्रम ओली र परराष्ट्रमन्त्री ज्ञवाली वार्ता शुरू भो भनेर ढाँट्दै हिँड्या छन् । महाकालीको 'कन्यादान'पछि ओली सरकै शासनकालमा कालापानी मारिमेटी दान दिन लाग्या हो ? हैट, राष्ट्रवादको भऱ्याङ चढेर शासक बनेका ओली सरको मौसमी राष्ट्रवाद !

**– खगेन्द्र संग्रौला**



नवनियुक्त र जिम्मेवारी फेरिएका मन्त्रीहरुको उत्साह देख्दा लाग्छ बल्ल मुलुकले सही मन्त्री पायो । तर, माघमा फेरि मन्त्रिमण्डल पुनर्गठन हुँदा राजनीतिक चंगुलमा उनीहरु असक्षम घोषित नहुन् ।

**– तेजेन्द्र काफ्ले**

# वाह ! प्रधानमन्त्रीज्यू कम्युनिष्ट सरकार सर्वहारा जनताकै रहेछ



**नरेन्द्र ढकाल**

> देशभित्रै रोजगारीको सिर्जना गर्दै बाध्यकारी वैदेशिक रोजगारीलाई कम गर्दै रोक्ने रणनीतिमा यतिबेला गम्भीर धक्का लागेको छ भने समग्र श्रमिकको हक र अधिकारमा अब के हुने हो भन्ने प्रश्न उठेको छ। मुख्यत: वैदेशिक रोजगारीका लागि विदेश जाने नेपाली कामदारको हक र अधिकारका लागि निरन्तर लडेका व्यक्ति थिए गोकर्ण बिष्ट।

नेपाली जनताको ठूलो आशा र भारोसा बोकेका प्रधानमन्त्री केपी शर्मा ओली साँच्चै सर्वहारा जनताकै रहेछन् या पुँजीवादी दलाल र जनता शोषण गर्न पल्केका शोषकका नजिक रहेछन् भन्ने कुरा सत्ताको बागडोर सम्हालेको २१ महिनापछि छर्लङ्ग भएको छ ।

दुई तिहाईको वर्तमान सरकारले जनताको विकास र देशको समृद्धिमा ठूलै फड्को मार्ने अपेक्षा गरिएको थियो । तर, जनताको पक्षमा काम गर्ने मन्त्रीलाई कार्यसम्पादमा चित्त नबुझेको भन्दै वर्हिगमन गरिरहँदा आफू सर्वहारा जनताको कम्युनिष्ट प्रधानमन्त्री हुँ भन्न अब लाज लाग्नुपर्छ । मंसीर ४ गते गोकर्ण बिष्ट मन्त्रीबाट बिदा भएसँगै केही वैदेशिक रोजगारी र उद्योग व्यवसायमा लागेहरुको जीत भएको छ भने श्रमिकको हार भएको छ । यसले के पुष्टि गर्छ भने वर्तमान प्रधानमन्त्री दलाल र शोषण गर्न पल्केकाहरुबाट अझै पनि उन्मुक्त भएका छैनन् । उनलाई आफ्नै पार्टीभित्रका कडाई गर्दै यहाँ मान्छे बेच्न पल्केकाहरुलाई कानूनी कठघरामा उभ्याउनु मन्त्री बिष्टको गल्ती थियो ?

स्वदेशमै पनि अदृश्यरूपमा काम गर्न बाध्य कामदार, बाध्यकारी श्रम गर्न बाध्य भएकाहरु र न्यून ज्याला लिएर काम गर्न बाध्य श्रमिकका लागि मन्त्री बिष्टले सुनौलो दिनको सपना देखाएका थिए । सामाजिक सुरक्षा कोष, प्रधानमन्त्री रोजगार कार्यक्रम, श्रमिकको न्यूनतम् सेवा र सुविधा, इन्स्योरेन्स आदिको सम्बन्धमा मन्त्री बिष्टले केही आशालाग्दा योजना र कार्यान्वयन गरेका थिए । तर, उनको बहिर्गमनसँगै यी योजना र नीतिको निरन्तरता हुन्छ कि हुँदैन भन्ने शंका उब्जेको छ ।

होला राम्रो काम गरे पनि चर्चामा नआएका मन्त्री बिष्टलाई हटाउँदा दलालको चङ्गुलमा फसेर प्रधानमन्त्री ओलीले दलाल र शोषकको पक्षमा निर्णय गरेको स्पष्ट हुन्छ । कार्यसम्पादनमा दोश्रो नम्बरमा रहेका मन्त्री बिष्ट कसरी अभिब्यक्तिलाई वाह ! भन्न मन लाग्यो ।

२०७५ जेठ २ गते मन्त्री भएको दुई महिना पुगेकै दिन श्रममन्त्री बिष्टले मलेसिया रोजगारीको सिण्डिकेट तोडेको घोषणा गरे । मलेसिया रोजगारीमा सिण्डिकेट खडा गरेर सञ्चालनमा रहेका माइग्राम्स, बायोमेट्रिक, आईएस्सी, भीएलएन र वान स्टप सेन्टर खारेज गरेको घोषणा गरे । त्यसलगत्तै मलेसिया रोजगारीको प्रक्रिया अवरुद्ध भयो । मलेसियामा भएका विकृतिविरुद्ध खरो रुपमा उत्रिएका मन्त्री बिष्टलाई मेनपावरका दालालहरुले रामैसँग विरोध नगरेका होइनन् । एकपछि अर्को राम्रको काम गर्दै जनता र श्रमिकको मन जित्न सफल बिष्ट अन्ततः आफ्नै पार्टीका दलालको सिकार बन्न पुगे ।

मलेसिया रोजगारीको 'लुट'मा धक्का लागेपछि अधिकांश मेनपावर व्यवसायीले रोजगारी बन्द गराएको र खुलाउने प्रयास नगरेको भन्दै उनीविरुद्ध राजनीतिक, आर्थिक र सामाजिक आक्रमण गर्न थाले । मन्त्रीलाई हटाउनका लागि केही व्यवसायीहरुले चन्दा संकलन गरेको चर्चा पनि चुलियो । तर, आफ्नो इमान्दारितामा एक इञ्च पनि नहलिएका मन्त्री बिष्टलाई सर्वहारा प्रधानमन्त्री ओलीले चिन्न सकेनन् । जनताको पक्षमा काम गरेर वाह ! वाही ! पाएका मन्त्री बिष्टकै कारण धेरै दलालहरु पलायन हुने स्थितीमा पगेका थिए । तर, उनको वर्हिगमनसँगै दलालहरु सलबलाउन थालेका छन् ।



शहरका विभिन्न स्थानमा कोठा भाडामा लिएर सोझा साझा जनतालाई पासपोर्ट दराजमा थन्कियाएर लुट्न पल्केकाहरुको दिन फर्किएको छ । कहिले सामाजिक सञ्जालमा स्टाट्स नै लेखेर खुशीयाली मनाउँदै प्रधानमन्त्रीलाई बधाई दिएका छन् । प्रधानमन्त्रीज्यू दलालको बधाईभन्दा गरीब जनताको आशीर्वाद तपाईको कार्यसम्पादनमा सबैभन्दा महत्वपूर्ण हुने थियो । तर, यो विषयमा तपाईले एकपटक पनि सोच्न नसक्नु तपाईको कार्यकालकै सबैभन्दा ठूलो दुर्भाग्य हो । आखिर तपाईले पनि दलाल र शोककै पक्ष पोषण गर्नुभयो त्यसैले भन्न मन लाग्यो- वाह ! प्रधानमन्त्रीज्यू कम्युनिष्ट सरकार सर्वहारा जनताकै रहेछ ।

गलत ब्यक्तिहरुले अझै पनि जनतामारा काममा प्रयोग गरेर जनताको ढाड सेक्ने काम गरिरहेका छन् ।

देशभित्रै रोजगारीको सिर्जना गर्दै बाध्यकारी वैदेशिक रोजगारीलाई कम गर्दै रोक्ने रणनीतिमा यतिबेला गम्भीर धक्का लागेको छ भने समग्र श्रमिकको हक र अधिकारमा अब के हुने हो भन्ने प्रश्न उठेको छ । मुख्यतः वैदेशिक रोजगारीका लागि विदेश जाने नेपाली कामदारको हक र अधिकारका लागि निरन्तर लडेका व्यक्ति थिए गोकर्ण बिष्ट ।

प्रधानमन्त्रीज्यू एकपटक तपाई जनताको नेता हो भने विमान स्थलमा गएर एक दिनमा कति वटा नेपालीका लाशका बाकस आउँछ हेर्नु होला । के विदेशमा जानेलाई असक्षम भए प्रधानमन्त्रीज्यू उत्तर छ ?

मन्त्री भए पनि सँधै श्रममन्त्रीका रूपमा २१ महिना काम गरेका गोकर्ण बिष्टले वैदेशिक रोजगारीको क्षेत्रमा देखिएका विकृति र विसङ्गति अन्त्य तथा श्रमिकका हकमा काम गर्ने धेरै कोशिस गरेका थिए । प्रधानमन्त्री कार्यालयले गरेको कार्यसम्पादन मूल्याङ्कनमा पनि उच्च अङ्क पाएका मन्त्री बिष्ट यतिबेला 'कमजोर कार्यसम्पादन' भन्दै पदमुक्त गरिए । यसमा वैदेशिक रोजगारमा संलग्न र उद्योग तथा प्रतिष्ठानमा रहेका 'माफिया'हरुको भूमिका ठूलो रह्यो भने प्रधानमन्त्रीसँग राजनीतिक तथा वैचारिक अन्तरविरोध नै उनको दुर्भाग्य रह्यो । सर्वहारा जनताको पक्षमा काम गर्ने प्रधानमन्त्रीको

# कवाडीलाई करोडौं सम्पत्तिमा बदलौं



**दीपक चापागाई**

तपाई हामी सरकारी कार्यालय कुनै न कुनै कामको लागि पुग्ने गर्छौं, चाहे जग्गा पास गर्न वा मालपोत तिर्न होस्, नागरिकताको प्रमाणपत्र बनाउन जिल्ला प्रशासन जाँदा होस् या कुनै सामान हराएको विवरण टिपाउन प्रहरीकहाँ जाँदा होस्, अलपत्र कवाडी देख्छौं । ट्राफिक प्रहरी कार्यालय, वन वातावरण सम्बन्धी काम लिएर जिल्ला वन कार्यालय, बाटो घाटोको समस्या लिएर सडक विभाग जहाँ पुग्दा पनि लाखौं मूल्यका गाडी, मोटर साइकल, बस, ट्रक लगायत हेभिइकुपमेन्ट थुप्रिरहेको देख्न सकिन्छ ।

यो हामीले जिल्ला कार्यालयमा हेर्दा त राज्यको करोडौको सम्पति खियाले खाएर, चराले गुँड लगाएर, डेंगु रोग लाग्ने लामखुट्टेले फूल पारेर दिनानुदिन नष्ट भइरहेको देखिन्छ । यो बेथिति सबै ७७ वटै जिल्लाका कार्यालयमा देखिने दृश्य हो । यी सबै जिल्लाका काम नलाग्ने यन्त्र उपकरण सवारीसाधन बराबर सिंहदरवारभित्र मात्रै छन्, प्रत्येक मन्त्रालय विभागमा सरकार परिवर्तन, हाकिम परिवर्तनसँगै धाक र रवाफ देखाउनलाई वर्षौ टिक्ने सवारीसाधनलाई बिगार्न लगाएर काम नलाग्ने बनाएर थुपारेको पाइन्छ । अस्थिर सरकार भएको बेला त छ-छ महिनामा सरकार परिवर्तन हुने र पूर्व सरकारको मन्त्री, सांसदहरुले चढेका सवारीसाधनहरु त्यसपछिको सरकारले प्रयोग नगर्नाले राज्यको सयौं करोडौंको सम्पत्ति कवाडी बनाएर कुहिरहेको अवस्था वर्षौंदेखि देखिएको छ ।



हामीले माल पाएर पनि त्यसको सही उपयोगबारे चाल नपाएको भन्न सकिन्छ कवाडी बेवारिसे अवस्थामा असरल्ल फालिएको देख्दा । यसको बारेमा सोच्ने कसले ? खियाले खाएर नष्ट हुँदै गएको यी मूल्यवान चिजलाई संरक्षण गर्न र तिनीहरुको समुचित उपयोग गरी अर्थतन्त्रमा सकारात्मक प्रभाव छोड्न यसको उपयोग सम्बन्धी नयाँ नीति र कार्यक्रम आवश्यक छ ।

जब म सरकारी कार्यालय नजिक पुग्छु, मेरो ध्यान आफ्नो कामभन्दा जबरजस्ती थोत्राएका सवारीसाधनतर्फ जान्छ । त्यसरी मिल्क्याइएको सम्पत्तिलाई कसरी राज्यको सम्पत्तिमा ल्याउन सकिन्छ भनेर चिन्तित हुने गर्दछु । मेरो बिचारमा राज्यले गर्ने नै हो भने केही कुरा असम्भव छैन, मुलुकमा यसरी प्रयोगमा नआउने यन्त्र-उपकरण मात्रै लिलाम बिक्री गर्ने हो भने राज्यको ढुकुटीमा खर्बौं रुपैयाँ रकम संकलन हुन्छ र उक्त रकमले राष्ट्रिय गौरवका केही योजना सम्पन्न गर्न विदेशीसँग कचौरा बोकेर भिक्षा माग्नु पर्दैन । हामी तत्काल नै नगद बनाउन सक्ने विनिमयका साधनलाई कुहाउनुभन्दा सही ढंगले यसको सदुपयोग गर्ने हो भने कवाडी व्यवस्थापन भएर सबै सरकारी कार्यालय सफा र सुन्दर बन्दछ भने राज्यको ढुकुटी भर्ने काम समेत हुनेछ ।

राज्यले यस्ता सानातिना कुराहरुलाई ध्यान नदिने हो भने र हाम्रा स्रोत र साधनलाई परिचालन नगर्ने हो भने हामीले समृद्धि हासिल गर्न कठिन छ । राज्यले यस्ता गाग्रोमा माथिबाट जति पानी हालेर भरे पनि पिँधको सानो प्वाल नटाल्ने हो भने जति हाले पनि भरुञ्जेल मात्र भरि हुन्छ र त्यसपछि फेरि रित्तो हुन्छ । हामीसँग फलामको कच्चा पदार्थ पनि छैन । लाखौं लगाएर ल्याएको फलामलाई माटोमा फ्याकेर खिया मात्र लगाउने हो भने राज्यलाई ठूलो नोक्सानको भार परिरहने छ ।

त्यसैले बिग्रिएका, काम नलाग्ने वस्तुहरुलाई चाँडै लिलामी प्रक्रियामा लगेर नगदमा रुपान्तरण गर्न अब ढिलो गर्नु भनेको आँगन खनेर मझेरी पुर्नु जस्तै हुनेछ । समयमै सचेत बन्न जरुरी छ । नेपालको लिलामी प्रक्रिया परम्परागत शैलीमा सारै लामो र झन्झटिलो प्रक्रियाका कारण सम्बन्धित निकायहरु लिलामी प्रक्रियामा जान नचाहेको हुन सक्छ, यसलाई वर्तमान सरकाले छुटै एउटा कवाडी व्यवस्थापन विभाग बनाएर कानून निर्माण गरी उक्त विभाग मार्फत बिक्री-वितरण गर्ने सम्पूर्ण जिम्मेवारी उक्त विभागलाई दिन ढिलाइ गर्नुहुँदैन । अर्कोतर्फ यसरी काम लाग्ने अवस्थाका सामग्रीलाई कसैले नियतवस कवाडी बनाउँछ भने त्यस्तालाई कडा कारवाही गर्ने व्यवस्थाको कानून निर्माण गर्नु जरुरी छ ।

काठमाडौंमा भएका यान्त्रिक कवाडीहरुलाई उपत्यका बाहिर खुल्ला ठाउँमा ल्याएर केही युवाहरुलाई तालिम, परीक्षण गर्न र नयाँ वस्तु निर्माण गर्ने वा नवीन आविष्कार गर्ने व्यवस्था मिलाउने हो भने इलेक्ट्रोनिक सम्बन्धी र यान्त्रीकरण सम्बन्धी दक्ष कामदारको लागि भारतबाट ल्याएर काम लगाउने बाध्यता अन्त्य भई नेपाली धेरै युवाहरुले आफ्नो देशमा रोजगार पाउने र भारत जाने धेरै रकम नेपालमा रहने छ । एउटा वर्कसप इञ्जिनियरिङ विद्यालय सञ्चालन गरी पुराना यन्त्र उपकरणलाई सिक्ने साधनको रुपमा विकास गरी धेरै वैज्ञानिक समेत उत्पादन हुने अवसर प्रदान हुनेछ ।

यसरी नेपाल सरकारको नीतिगत निर्णय हुन सकेमा कवाडीलाई सही ढंगले व्यवस्थापन गर्न सकिनुका साथै कवाडीको रुपमा कुहेर बसेको वस्तुलाई कडोरौ रुपैयाँमा बदलेर आर्थिक समृद्धिको अभियानमा अर्थतन्त्रले महत्वपूर्ण भुमिका निर्वाह गर्ने कुरामा कुनै शंकै छैन । तसर्थ सृजनात्मक रुपमा सोचौं । हाम्रा स्रोतसाधनलाई समुचित गर्ने नीति र सोच बनाऔं । तब मात्र हाम्रो मुलुक विकासतर्फ लम्कनेमा विश्वास गर्न सकिन्छ ।

# कनकाईमा एक्सेलले बाँड्यो छात्रवृत्ति



**सुरुङ्गा, मंसीर ७।** बिर्तामोडमा प्रधान कार्यालय रहेको एक्सेल डेभलपमेन्ट बैंक लिमिटेडले कनकाई मावि सुरुङ्गामा छात्रवृत्ति वितरण गरेको छ ।

एक कार्यक्रमकाबीच सो विद्यालयका दुई जना छात्राहरुले छात्रवृत्ति प्राप्त गरेका हुन् । बैंकको संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत उक्त छात्रवृत्ति प्रदान गरिएको हो । छात्रवृत्ति पाउनेमा कक्षा ९ कि पार्वता पनेरु र कक्षा ७ कि सविता शाह रहेका छन् ।

छात्रवृत्ति पाउने विद्यार्थीहरुलाई स्कूल ब्याग, जुत्ता, मोजा, कापी र कलम हस्तान्तरण गरिएको थियो । केही दिनभित्रमा विद्यालय पोशाक र जाडाका लागि न्याना लुगा पनि दिइने बताइएको छ । विभाग प्रमुख गिरीका अनुसार छात्रवृत्ति कार्यक्रमलाई हरेक वर्ष विस्तारसँगै निरन्तरता दिइनेछ । बैंकले आफ्नो छात्रवृत्ति योजना अन्तर्गत यस वर्ष झापा, इलाम र मोरङका ५४ सामुदायिक विद्यालयका एक सय जना विपन्न तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको गर्ने भएको छ ।

यो संख्यालाई बढाएर एक हजार विद्यार्थी र पूर्वाञ्चलका बैंकका शाखा रहेका सबै जिल्लामा छात्रवृत्ति योजना पुऱ्याउने लक्ष्य रहेको बैंकका शाखा कर्जा व्यवस्थापन विभाग प्रमुख शिवकुमार गिरीले जानकारी दिए । कनकाई माविका पूर्व विद्यार्थी समेत रहेका गिरीले सबै विद्यार्थीलाई उच्च मनोबलका साथ अध्ययनमा मेहनत गर्न र उत्कृष्ट नतिजा ल्याउन सुझाव दिएका थिए ।

उक्त योजना अन्तर्गत यसअघि नै झापाको कनकाई नगरपालिका अन्तर्गत चम्पापुर मावि, बिर्तामोड नगरपालिका अन्तर्गत लक्ष्मीनारायण प्रावि र देवकोटा आधारभुत विद्यालयका विद्यार्थीलाई उक्त छात्रवृत्ति प्रदान गरिसकिएको छ ।

कनकाई माविमा सम्पन्न छात्रवृत्ति वितरण कार्यक्रममा विद्यालयका सहायक प्रधानाध्यापकद्वय हरिप्रसाद तिम्सिना र चन्द्रप्रसाद शिवाकोटीले छात्रवृत्तिमा विद्यार्थीको संख्या बढाउन अनुरोध गरेका थिए । कार्यक्रममा एक्सेल बैंक सुरुङ्गाका शाखा प्रबन्धक गोपाल लोहनी, कर्मचारीहरु लोकन्द्र बस्नेत, सम्बल आचार्य लगायतको आतिथ्य रहेको थियो ।

# भलिबल प्रतियोगिताको उपाधि सृजनालाई



**अर्जुनधारा, मंसीर ७।** झापाको अर्जुनधारा-९ मा रहेको सृजना शिशु सदन अंग्रेजी माध्यमिक विद्यालय शनिश्चरे बाल क्लबद्वारा आयोजित नगरस्तरीय अन्तर माध्यमिक विद्यालय भलिबल प्रतियोगिताको उपाधि जित्न सफल भएको छ ।

प्रतियोगिता अन्तर्गत भएको फाइनलमा कालीस्थान माध्यमिक विद्यालयलाई २-१ को सेटमा पराजित गर्दै सृजनाले उपाधि जित्न सफल भएको हो । जसअनुसार २५-२०, १७-२५ र २५-१७ रहेको छ ।

प्रतियोगिताको विजेता सृजना र उपविजेता कालिनस्थानले नगद पुरस्कार क्रमश आठ हजार र चार हजार रुपैयाँसहित ट्रफी र प्रमाण पत्र प्राप्त गरेका थिए । प्रतियोगिताको उत्कृष्ट खेलाडी उपविजेता कालीस्थान माध्यमिक विद्यालयका योगराज अधिकारी घोषित भएका थिए ।

खेल क्षेत्रमा विद्यार्थीहरुको अभिरुची वृद्धी गर्ने उद्देश्यले आयोजित प्रतियोगितामा अर्जुनधारा नगरपालिकाले ३० हजार रुपैयाँ र अर्जुनधारा-८ वडा समितिले १० हजार रुपैयाँ उपलब्ध गराएको शिक्षक कपिलदेव तिम्सिनाले बताए । त्यस्तै प्रतियोगिताको विजेता र उपविजेता ट्रफी शनिश्चरे बजारस्थित स्टार साउण्ड सिस्टम र पूर्व विद्यार्थी खगेन्द्र सुवेदीले प्रायोजन गरेका थिए ।

प्रमुख अतिथि नगर प्रमुख हरिकुमार रानाले उद्घाटन गरेको फाइनलमा अर्जुनधारा-८ का वडाध्यक्ष गोपीचन्द्र गौतम, नगर खेलकुद समितिका संयोजक अर्जुन मेचे, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष युवराज नेपाल, सदस्य महेश ढकाल, शिक्षक अभिभावक संघका अध्यक्ष मोहन पौड्याली लगायतको आतिथ्य रहेको थियो ।

क्लबकी अध्यक्ष डोल्मा शेर्पाको अध्यक्षतामा आयोजित कार्यक्रमको सञ्चालन शिक्षक तिम्सिनाले गरेका थिए ।

# तेस्रो कप्तानबारी फुटबल प्रतियोगिता हुने



**अर्जुनधारा, मंसीर ७।** झापाको अर्जुनधारा-६ स्थित कप्तानबारी युवाक्लबको आयोजनामा यही मंसीर १२ गतेदेखि तेस्रो कप्तानबारी जिल्ला स्तरीय नकआउट फुटबल प्रतियोगिता हुने भएको छ ।

स्थानीय दिपज्योतीको खेलमैदानमा हुने प्रतियोगितामा आयोजकसँगै शनिश्चरे फुटबल क्लब, धुलाबारी फुटबल क्लब, बिर्तामोड युनाइटेड क्लब, झापा फुटबल क्लब, एपीएफ झापा, रेडस्टार क्लब बिर्तामोड र मनास्लु युवा क्लबको सहभागिता रहने आयोजक क्लबका अध्यक्ष श्याम दनुवारले बताए ।

१९ गते सम्पन्न हुने प्रतियोगिताको विजेता र उपविजेताले क्रमश: नगद पुरस्कार ३० हजार र २० हजारसहित शिल्ड, मेडल र प्रमाण पत्र प्राप्त गर्ने उपाध्यक्ष भीम राईले जानकारी दिए । त्यस्तै प्रत्येक खेलको म्यान अफ दी म्याचलाई एक हजार रुपैयाँ, म्यान अफ दी टुर्नामेन्टलाई दुई हजार रुपैयाँ र बेस्ट गोलकिप्पर, बेस्ट डिफेन्स, बेस्ट मिडफिल्डर, बेस्ट फरवार्ड, बेस्ट कोच र सर्वाधिक गोलकर्तालाई जनही एक हजार पाँच सय रुपैयाँ दिइने बताइएको छ ।

स्थानीय सरकार, विभिन्न संघ-संस्था र दाताहरुसँग स्रोत जुटाउन समन्वय गरिने बताइएको प्रतियोगिता सम्पन्न गर्न अनुमानित तीन लाख रुपैयाँ लाग्ने कोषाध्यक्ष रामजी दनुवारले बताए । अध्यक्ष दनुवारको अध्यक्षतामा भएको पत्रकार भेटघाटको सञ्चालन सचिव सञ्जय दनुवारले गरेका थिए ।

# मेचीनगरमा लाल-भागिरथा प्रतिष्ठान

**झापा, मंसीर ७।** सामाजिक क्षेत्रमा विभिन्न कार्य गर्ने उद्देश्यका साथ झापामा लाल-भागिरथा बानियाँ प्रतिष्ठान स्थापना भएको छ ।

मेचीनगर-११ मा भएको भेलाले शिक्षासेवी एवम् सामाजिक व्यक्तित्व हरिचरण बानियाँको अध्यक्षतामा प्रतिष्ठान गठनको निर्णय गर्दै तदर्थ समिति चयन गरेको छ । समितिको उपाध्यक्षमा प्रेमप्रसाद बानियाँ, सचिवमा मनोज बानियाँ, सहसचिवमा डम्बर देउजा, कोषाध्यक्षमा सृजना बानियाँ मैनाली र सदस्यमा पदम डाँगी, कल्पना बानियाँ खड्का, आशा बानियाँ उप्रेती, कमल थापा, मोहन काजी, दिपेन्द्र बानियाँ, उप्रेन्द्र बानियाँ र दिलकुमारी बानियाँ कार्की चयन भएका छन् ।

मेचीनगर-११ निवासी सामाजिक व्यक्तित्व लालबहादुर बानियाँ र भागिरथा बानियाँको स्मृतिलाई दीगो बनाउन उनीहरुका छोराछोरीहरुबाट रु. १० लाखको अक्षयकोष राखेर प्रतिष्ठान स्थापना गरिएको हो ।

प्रतिष्ठानले यही मंसीर २० गते स्व. लालबहादुर बानियाँको शतवार्षिकी जयन्तीको अवसर पारेर एक कार्यक्रमबीच लाल-भागिरथा बानियाँ स्मृति कृषि पुरस्कार, लाल-भागिरथा बानियाँ असल गृहिणी पुरस्कार र लाल-भागिरथा बानियाँ उत्कृष्ट प्रतिभा पुरस्कार वितरण गर्ने अध्यक्ष हरिचरण बानियाँले बताएका छन् ।

संस्थाले समाजमा सिर्जनशील कार्य गर्ने सर्जकहरुलाई पुरस्कृत, सम्मान, अभिनन्दन र प्रोत्साहन गर्ने, एम्बुलेन्स सञ्चालन गर्ने लगायतका जनहितकारी गतिविधि गर्ने भएको छ । ज्येष्ठ व्यक्तित्व मोहनप्रसाद बानियाँको अध्यक्षतामा सम्पन्न भएको थियो ।

सो अवसरमा शिक्षासेवीहरु भाष्कर घिमिरे, मोहनराज दाहाल, पत्रकार अम्बिका भण्डारी लगायतको उपस्थिति रहेको थियो ।

# बालिकालाई गर्भवती बनाउने युवक पक्राउ

**झापा, मंसीर ७।** पूर्वी पहाडी जिल्ला खोटाङमा १२ वर्षीय बालिकालाई गर्भवती बनाउने एक युवा पक्राउ परेका छन् ।

बालिकालाई गर्भवती बनाएर फरार भएका साकेला गाउँपालिकाका २४ वर्षीय युवा पक्राउ परेको जिल्ला प्रहरी कार्यालय खोटाङका डीएसपी बामदेव गौतमले जानकारी दिए ।

प्रहरीले पीडक र पीडितको नाम गोप्य राखेको छ । बालिका गर्भवती भएपछि फरार भएका युवाविरुद्ध उजुरी परेपछि उनलाई नियन्त्रणमा लिएर अदालतबाट म्याद थप गरी अनुसन्धान थालिएको प्रहरीले जनाएको छ ।

बालिका गर्भवती भएको चार महिना पुगेको भनिए पनि भिडियो एक्सरे गर्दा छ महिनाको भएको देखिएको डीएसपी गौतमले बताए । बालिकालाई स्वास्थ्य जाचका लागि काठमाडौं लगिएको छ ।


वाथ एक अटो इम्युन रोग हो ।
समयमा उपचार गर्नाले वाथ रोग नियन्त्रण गर्न सकिन्छ ।
वाथका लक्षणहरू:
जानकारीको लागि सर्म्पक नं:- ९८११३३५६२४
१) साना तथा ठूला जोर्नीहरु दुख्ने, सुनिने, कक्रक पर्ने ।
२) आरामको समयमा ढाड र जोर्नी बढी दुख्ने ।
३) विहानको समयमा शरीर अरठ्ठ हुने ।
४) मांसपेशीहरु दुख्ने, गल्ने ।
५) थकाई बढी लाग्ने ।
६) बारम्बार गर्भधारणमा समस्या आउने ।
७) घाममा अनुहार बढी रातो हुने वा पोल्ने ।
८) कपाल बढि झर्ने ।
९) मुख भित्र बारम्बार घाउ आउने ।
१०) चिसोमा औंलाहरु निलो, सेतो हुने ।
११) बारम्बार घाउहरु आइरहने ।
१२) खुट्टाको बुढी औंला वरिपरि रातो भएर दुख्ने ।
१३) कुर्कुच्चा पोल्ने, दुख्ने ।
१४) मांसपेशी कमजोर हुने ।
१५) खकारमा रगत देखा पर्ने ।
१६) लामो समयसम्म ज्वरो आउने ।
१७) आँखा बारम्बार रातो हुने ।
वरिष्ठ वाथ रोग विशेषज्ञ डा.अभिलाशा शाह
MBBS,MD (Internal medicine)
Fellowship in Reheumetology & Clinical Immunology (New Delhi India)
यस पटक यही मंसिर ६ र ७ गते शुक्रबार र शनिबार नर्भिक हस्पिटल काठमाण्डौबाट आउदै हुनुहुन्छ अग्रीम नाम दर्ता गर्नुहोस्
कन्काई हस्पिटल प्रा.लि.
KANKAI HOSPITAL PVT.LTD
बिर्तामोड, झापा फोन नं. :०२३-५४३८०७
"विशेषज्ञ सेवा हाम्रो प्रतिवद्धता सबैको पहुँचमा हाम्रो स्वास्थ्य सेवा"

## वर्गीकृत विज्ञापन


**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्क: ९८१४९९३७१२, ९८६२६४८२८२ ९८४२६७७८५५, ९८२४९८११७४

**गिटी बालुवा चाहिएमा**
झापामै पहिलोपटक अत्याधुनिक मेशिन र प्रविधिबाट प्रशोधन गरिएको निर्माण सामग्रीहरु बालुवा, गिटी, सिल्कन, वेश आदि चाहिएमा तु-सम्पर्क गर्नुहोला ।
सयपत्री
९८४२६५४४००, ९८०४९५४४००

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्क: ०२३-५५०६२० ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

**पसल तु-बक्रीमा**
बिर्तामोडस्थित पूर्व-पश्चिम राजमार्गदेखि २०० किलोमिटर उत्तर हिमालय धर्मकाँटा-मातामन्दिर रोडमा रहेको अति चालू अवस्थाको होलसेल तथा खुद्रा । पसल तु-बिक्रीमा छ । इच्छुकले चाडै सम्पर्क राख्नु होला ।
सम्पर्क: ९८५२६४५४२०/९८०१४४५४२०

**कर्मचारी आवश्यकता**
Math & science Teacher : 1
*(for 7 class)*काँकरभिट्टाको लागि ।
English Teacher : 1
*(for 7 class)*काँकरभिट्टाको लागि ।
*टिचरको लागि बस्नको पनि व्यवस्था छ ।*
किचन हेल्पर : २ जना (इलामको लागि)
वेटर : ३ जना (महिला बिर्तामोडको लागि)
सेल्समेन : २ जना (काममा अनुभव भएको)
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

**आवश्यकता**
शिक्षक : २ जना
*(सोसियल+होस्टल शिक्षक खानाबस्न छ)*
कुक : १ जना वेटर : ५ जना
लेखापाल : १ जना (अनुभवी)
महिला इन्चार्ज : १ जना (३० वर्ष पुगेको)
पिनाकल जब्स केयर सर्भिस
बिर्तामोड, (९८१४९०४७६४, ०२३-५४४६६०)

**सेक्युरिटी गार्डको आवश्यकता**
पुरुष/महिला संख्या: २५
*सेक्युरिटी/फायर/फस्टएड सम्बन्धी फ्रि तालिम*
इन्टर सर्भ सेक्यूरिटी ग्रुप प्रा.लि.
*प्रधान कार्यालय अन्नपूर्ण चोक बिर्तामोड, झापा*
फोन: ०२३-५४५७८२, ९८०६०६१७००, ९८४४६८६९७०, ९८०६०७५६७८

**आवश्यकता**
सेक्युरिटी गार्ड:- ४० जना *(महिला/पुरुष)*
*यहाँ नि:शुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।*
सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि. बिर्तामोड भद्रपुररोड
फोन: ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**जग्गा बिक्रीमा**
बि.एण्ड.सी. हस्पिटलबाट ५ मिटर दुरीमा (हर्कलाल मार्ग छेउ) ४ पाटा मिलेको ८ धुर जग्गा सस्तो मूल्यमा बिक्रीमा छ ।
मो. ०२३-५४५७५३, ९८१७९५४२३८

**सटर भाडामा**
बिर्तामोड-शनिश्चरे रोडबाट अतिथि सदन रोडमा रहेको सटर (पसल तथा होटलका लागि उपयुक्त भाडामा छ । इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
मो. ९८१४०५५८९४


**बारमासे कागती खेती ! गरौं है उन्नती !!**
बारै महिना र धेरै मात्रामा फलिरहने सबभन्दा उन्नत जातको कागती खेती गर्न राम्रो बिरुवा चाहिएमा आजै सम्पर्क गर्नुहोस् ।
सम्पर्क: ९८१७९३३५८२ ९८१३८४४९२९

**छापाखाना**
बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि स्टाम (छाप) अफसेट प्रिन्ट स्क्रीन प्रिन्ट फ्लेक्स प्रिन्ट होर्डिङ बोर्ड लेमिनेशन डिजिटल प्रिन्ट
घिमिरे अफसेट प्रेस बिर्तामोडमा

**पत्रिका समयमा पाउनु भएको छैन ?**
मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

**झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।**
दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समय:
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मेभ्ज ५६४, मेभ्ज १७९९, मेभ्ज ५४६, मेभ्ज ६२५, मेभ्ज ३०७, मेभ्ज ४१७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई

**पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ**
(हल ए) हिन्दी सिनेमा
पहिलो शो ११:४५ PAGAL PANTI
दोस्रो शो २:४५ PAGAL PANTI
तेस्रो शो ६:४५ PAGAL PANTI



(हल बी) नेपाली सिनेमा
पहिलो शो ११:४५ Cha Cha hu-i
दोस्रो शो २:४५ Cha Cha hu-i
तेस्रो शो ६:४५ Cha Cha hu-i



बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वत: क्यान्सिल हुनेछ ।
फोन नं. ०२३-५४६४३६

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**बिना अपरेशन सफल उपचार**
दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।
उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।



बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** काम सन्तोषजनक देखिए पनि दिउँसोतिर अलमल बढ्नेछ । अध्ययनमा बाधा पुग्नेछ भने अरूका लागि बुद्धि खर्चनुपर्ला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** आफूलाई कमजोर भएको अनुभूति हुनेछ । आफ्नो मेहनतबाट अरूले फाइदा उठाउने कोशिस गर्नेछन् ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** स्वास्थ्यका लागि आराम र खानपानमा विशेष ध्यान दिनुहोला । मेहनत गर्दा उपलब्धिको स्रोत भने पहिल्याउन सकिनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** आस लागेको काम बिग्रिए पनि मेहनत गर्दा पछिलाई फाइदा हुनेछ । हतारमा निर्णय नलिनुहोला । प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला । परिवारजन जुट्नाले जीवनशैलीमा परिवर्तन आउनेछ । अरूको सुझावमा भर नपर्नुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** आफन्तको सहयोग लिँदा राम्रो हुनेछ । साझेदारीमा फाइदा हुनेछ तर गोपनीयतामा विशेष ध्यान दिनुहोला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** उठ्नुपर्ने रकम हातलागी हुनेछ । तर, दिउँसो भने फजुल खर्च बढ्नाले अर्थ अभाव देखापर्नेछ । अवसर प्राप्त होला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** आत्मविश्वासको कमीले पछि परिनेछ । शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा दुःख पाइनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** इर्ष्या गर्नेहरूबाट जोगिएर काम लिनुपर्ने समय छ । आफ्ना सूचना सम्बन्धी गोपनीयतामा ध्यान पुऱ्याउनुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** विभिन्न अवसर प्राप्त हुनुका साथै सफलताको यश प्राप्त गर्ने समय छ । अध्ययनमा प्रगति हुनेछ भने बुद्धिको उपयोगले लक्ष्यमा पुऱ्याउनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** आम्दानीका नयाँ स्रोत फेला पार्न सकिनेछ । पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ । रचनात्मक काममा जुट्ने समय छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ हुन सक्छ । सेवामूलक कामले प्रतिष्ठा समेत दिलाउनेछ ।

# स्वास्थ्य शिविरमा हजारौंले लिए सेवा



□ विनोद पाण्डे

**चारपाने, मंसीर ७।** झट्ट हेर्दा यो दृष्य मन्दिरमा भगवानको दर्शनका लागि लामबद्ध भएको जस्तो देखिन्छ, तर यो भीड मन्दिर दर्शनको लागि नभएर झापाको अर्जुनधारा धाममा शनिबार आँखा जाँच गराउन आउनेहरुको लाइन हो ।

भजन गाउने ओठभन्दा सेवा गर्ने हात महान हुन्छन् भन्ने भनाई धार्मिक ग्रन्थहरुमा नै उल्लेख छ, तर धार्मिक स्थलहरुमा सेवाका कामभन्दा भजन-कीर्तन, पूजा-आजा, पाठ-पुराण धेरै हुने गरेको पाइन्छ । यस बर्ष भने पूर्वको पशुपतिनाथले परिचित अर्जुनधारामा पूजा अनुष्ठानका साथै मानवसेवाको काम पनि भएको छ, यो बर्ष पूजा गर्नेको लाइन मात्र होइन स्वास्थ्य सेवा लिनेको लाइन पूजा गर्नेको भन्दा कम छैन ।

धामको ३७औं वार्षिक अनुष्ठानको अवसरमा अर्जुनधारा जलेश्वर धामको आयोजना र भारतको कलकत्तास्थित महाविर सेवा सदनको प्राविधिक सहयोगमा बिहीबारबाट शुरु भएको निःशुल्क आँखा तथा विकलाङ्ग सेवा शिविरमा सेवा लिनेको संख्यामा समेत वृद्धि भएको छ ।

मंसीर ७ गतेसम्म आँखा शिविर सञ्चालन भएको थियो भने विकलाङ्ग सेवा शिविर अन्तर्गत नाम दर्ता गरी यही मंसीर १३ गतेदेखि २० गतेसम्म कृतिम हातखुट्टा वितरण गरिने धाम समितिले जनाएको छ ।

शिविरमा डा. जीतेन्द्र गग्लानीसँगै हार्दिक गग्लानी, सान्तनु दास र प्राविधिकहरु पोल्टु मण्डल, राजेश गड्वाल र शौरभ साहूले सेवा दिइरहेका छन् । उनीहरुलाई स्थानीय स्वास्थ्यकर्मीहरुले पनि सहयोग गरिरहेका छन् ।

भारतका विभिन्न स्थानमा स्वास्थ्य सेवा सञ्चालन गर्दै आएको स्वास्थ्य टोलीले नेपालमा पहिलो पटक सेवा प्रवाह गरिरहेको छ । उच्चस्तरको प्रविधिसहित डाक्टर र स्वयम्‌सेवकको छ जनाको टोली नै लिएर आएको महावीर सेवा सदनको शिविरमा सयौंले आँखा जाँच गरिरहेका छन् ।

विगतका बर्षदेखि बालाचतुर्दशीको अवसरमा धार्मिक अनुष्ठान र धार्मिक मेला आयोजना हुँदै आएको थियो । यस बर्ष पनि विशेष सजीसज्जाका साथ अनुष्ठान र मेलाको आयोजनासँगै बृहत स्वास्थ्य शिविरमा तीन हजार पाँच सयभन्दा बढीले सेवा लिइसकेका छन् । पाँच हजार जनाभन्दा बढीको आँखा परीक्षण, पाँच सय जनालाई आँखाको अवस्था अनुसार चस्मा वितरण र पाँच सय जना विकलाङ्गलाई कृतिम हातखुट्टा वितरण गर्ने लक्ष्य राखिएको धामका अध्यक्ष नविनकुमार गट्टानीले बताएका छन् ।

आगामी दिनमा महावीर सेवा सदनले नेपालमा एक लाख जनालाई चस्मा वितरण तथा १० हजार जनालाई कृतिम हातखुट्टा वितरण गर्ने उद्दश्य राखेको महावीर सेवा सदनका सदस्य राजेश गड्वालले जानकारी दिएका छन् । विशेषगरी विपन्नहरुको लागि सञ्चालन गरिने शिविर शहरभन्दा गाउँ केन्द्रीत रहने बताइएको छ । दान भेटी मात्र संकलन गर्ने होइन मानवलाई प्रत्यक्ष सेवा पुग्ने काम गरेर पनि धर्मको प्रचार र संरक्षण गर्न सकिने सन्देश अर्जुनधाराले दिएको छ ।

# गोल्डमेडलिस्ट दाहाललाई सेभेन स्टारको सम्मान




**बिर्तामोड, मंसीर ७।** सेभेन स्टार सेक्युरिटी सर्भिस प्रालि बिर्तामोडले एक कार्यक्रमका बीच शारीरिक सुगठनका गोल्डमेडलिष्ट रामबहादुर दाहाललाई सम्मान गरेको छ ।

भारतमा भएको आइएफबीबी डायमण्ड कप इन्टरनेशनल बडीबिल्डीङ च्याम्पीयनसीप प्रतियोगितामा २३ राष्ट्रलाई पछि पार्दै नेपालको तर्फबाट गोल्डमेडल प्राप्त गरी देशको नाम उच्च राख्न सफल भएको भन्दै उनलाई सम्मान गरिएको सेभेन स्टार सेक्युरिटी सर्भिस प्रालि बिर्तामोडका प्रबन्ध निर्देशक विजय बस्नेतले बताए ।

सेभेन स्टार सेक्युरिटी सर्भिस प्रालि बिर्तामोडका प्रबन्ध निर्देशक विजय बस्नेतको अध्यक्षता तथा बिर्तामोड नगरपालिकाका वडा नं. ४ का वडाध्यक्ष कुलप्रसाद संग्रौलाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा संस्थाका सञ्चालक मोहनविक्रम मल्लले स्वागत गरेका थिए ।

कार्यक्रममा इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी मोहनकुमार थापा, पूर्व प्रहरी संगठनका १ नं. मेची अञ्चल संयोजक बलबहादुर श्रेष्ठ, सम्मानित व्यक्ति गोल्डमेडलिष्ट रामबहादुर दाहाल लगायतले सरकारले खेलाडीहरुको सम्मान नगरिरहेको अवस्थामा सेभेन स्टार सेक्युरिटी सर्भिस प्रालि बिर्तामोडले खेलाडीको सम्मान गरेकोमा संस्थाको प्रशंसा गरेका थिए ।

कार्यक्रममा पूर्व प्रहरी संगठनका १ नं. मेची अञ्चल सचिव देवीभक्त आचार्य, नेप्लिज फेडेरेशन अफ बडीबिल्डीङका केन्द्रीय सदस्य दिपेन चौधरी संस्थाका सेक्युरीटी अफिसर चन्द्र आले मगर लगायतको आतिथ्य रहेको थियो । सोही कार्यक्रममा संस्थाको छैठौं वार्षिकोत्सवको अवसरमा आयोजना गरिएको रक्तदान कार्यक्रममा रक्तदान गर्ने रक्तदाताहरुलाई प्रमाण पत्र प्रदान गरिएको थियो । कार्यक्रमको सञ्चालन पत्रकार तुलसीप्रसाद निरौलाले गरेका थिए ।

## न्याय सम्पादन तालिम

**शान्तिनगर, मंसीर ७।** झापाको बुद्धशान्ति गाउँपालिकामा न्यायिक समितिको क्षेत्रधिकार र न्याय सम्पादन प्रक्रियाका बारेमा वडा स्तरीय सात दिने कार्यक्रम सम्पन्न भएको छ ।

गाउँघरमा हुने सामान्य विवादलाई मेलमिलापको माध्यमबाट कसरी मिलाउने भन्ने विषयमा प्रशिक्षण दिइएको थियो । तालिममा वडा नम्वर १देखि ७ सम्मका दुई सय ८० जनाले सहभागिता जनाएका थिए ।

बुद्धशान्ति गाउँपालिकाको आयोजनामा सञ्चालित तालिममा स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार न्यायिक समितिको क्षेत्राधिकार र न्यायिक समितिले कस्तो प्रकृतिको विवाद निरुपण गर्ने र अधिकारका विषयमा जानकारी गराइएको थियो ।

तालिमको सहजीकरण बुद्धशान्ति गाउँपालिका प्रशासन, योजना तथा अनुगमन शाखाका प्रमुख मदन कँडेल र अधिवक्ता बसन्त नेपालले गरेका थिए ।

बुद्धशान्ति गाउँपालिका उपाध्यक्ष तथा न्यायिक समितिकी संयोजक मीरा भुर्तेलको अध्यक्षतामा भएको कार्यक्रम बुद्धशान्ति गाउँपालिकाका प्रशासकीय अधिकृत इन्द्रप्रसाद चापागाँई, ७ नम्वर वडाध्यक्ष मात्रिकाप्रसाद पौड्याल, न्यायिक समितिका सदस्य नेत्रप्रसाद गौतमले न्याय सम्बन्धि जानकारी लिएपछि आफ्नो ठाउँमा लागु गर्न सुझाव दिए । तालिममा सहभागि निधिराम अर्यालले तालिम फलदायी भएको बताए । कार्यक्रमको सञ्चालन न्यायिक समिति सदस्य सचिव अम्बिका अधिकारीले गरेकी थिईन् ।

# गौरवशालीको सभामा सम्मान

**बिर्तामोड, मंसीर ७।** सामाजिक व्यक्तित्व एवम् सहकारी अभियन्ता स्व. काशीलाल चौधरीलाई सम्झना गर्दै गौरवशाली बचत तथा ऋण सहकारी संस्था बिर्तामोडले १०औं बार्षिक साधारणसभा सम्पन्न गरेको छ ।

झापाको पर्यटकीयस्थल दोमुखामा गौरवशाली सहकारी संस्थाले आफ्ना संस्थापक अध्यक्ष काशीलालको सम्झना गरेको हो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि पूर्वसांसद डिल्ली सिटौलाले ‘काशीलालको विचार र शैली समृद्ध थियो हामी मिलेर उहाँको सपना पूरा गरौं ।’ सिटौलाले आफूले लिएको ऋणको ब्याज तिरेर मात्र साधारणसभामा आउन सहकारी संस्थाका सदस्यहरुलाई आग्रह गरे ।

संस्थाका अध्यक्ष लवकुमार चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा बिर्तामोड नगरपालिका वडा नं ५ का वडाध्यक्ष राजेन्द्र लिङ्देन, कार्यपालिका सदस्य सुरेन राजवंशी, बिर्तामोड उद्योग बाणिज्य संघका उपाध्यक्ष पार्वता खरेल बिमली, आबद्ध बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष नरेश भट्टराई, प्राइम लाइफ इन्स्योरेन्स कम्पनीका प्रबन्धक नारायण ओझा, सहकारी संस्थाका सल्लाहकारहरु पुष्पलाल चौधरी, पार्वता गिरी, इन्द्रसिंह राजवंशी, सम्मानित पत्रकार पूर्वाञ्चल दैनिकका उपसम्पादक



तुलसीप्रसाद निरौला लगायतले बोलेका थिए ।

कार्यक्रममा असल बचतकर्ताहरु रञ्जित राजवंशी, बृजनारायण थारु, लक्ष्मैनदेवी चौधरी, योगेन्द्र भुजेल, असल ऋणीहरु मनिष बिमली, सुमित बेङ्गानी, हरिकला ढकाललाई पुरस्कृत गरिएको थियो भने । उत्कृष्ट कर्मचारी संस्थाका ब्यबस्थापक अरुण चौधरी र एसईईमा उत्कृष्ट अंक ल्याउने बिद्यार्थी यासिला भुर्तेललाई पुरस्कृत गरिएको थियो । त्यस्तै पूर्वाञ्चल दैनिकका उपसम्पादक निरौलालाई सम्मान गरिएको थियो । कार्यक्रममा युवराज बिमलीले स्वागत गरेको कार्यक्रममा संस्थाका अध्यक्ष चौधरीले बार्षिक प्रतिवेदन, लेखा समिति संयोजक नथुनीप्रसाद साहले लेखा समितिको प्रतिवेदन, ऋण उपसमिति संयोजक रामु सिंहले ऋण उपसमितिको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

संस्थाको शेयर सदस्य एक हजार दुई सय १६, शेयरपुँजी ७६ लाख ३३ हजार ५ सय १८ रुपैयाँ ३३ पैसा, निक्षेप संकलन ८ करोड ७२ लाख ९० हजार ८ सय ८३ रुपैयाँ ७६ पैसा, निक्षेप फिर्ता ८ करोड ३३ लाख २९ हजार ९ सय १४ रुपैयाँ ४८ पैसा, ऋण लगानी दुई करोड ५१ लाख ५६ हजार नौ सय रुपैयाँ, ऋण असुली दुई करोड १४ लाख ९० हजार ५ सय ४३ रुपैयाँ र नाफा नौ लाख २७ हजार नौ सय ३५ रुपैयाँ ३३ पैसा रहेको अध्यक्षको प्रतिवेदनमा उल्लेख छ ।

साधारणसभाको अवसर पारेर सहकारी संस्थाले वनभोज कार्यक्रमको समेत आयोजना गरेको थियो । कार्यक्रमको सञ्चालन संस्थाका सचिव तेजनारायण चौधरीले सञ्चालन गरेका थिए ।

# नगद लिएर महिला बेपत्ता

**भोजपुर, मंसीर ७।** भोजपुरमा एक महिला रकम लिएर सम्पर्कविहीन भएकी छन् ।

षडानन्द नगरपालिका-२ कुदाककाउले घर भएकी २७ वर्षीया आशा राई सार्कीले श्रीमानको रु. दुई लाख लिएर बेपत्ता भएकी हुन् ।

भोजपुर सदरमुकामस्थित एक जुत्ता पसलमा काम गर्दै आएका उनका श्रीमान् एकबहादुर सार्कीकी श्रीमती आशाले घरमा राखेको रु. दुई लाख लिएर गत कात्तिक १८ गते सम्पर्कविहीन भएको एकबहादुरले बताए । नगदसहित घरमा भएको अन्य लत्ताकपडा पनि लिएर श्रीमती बेपत्ता भएको श्रीमान् एकबहादुरले जानकारी दिए ।

एकबहादुरले खोजीका लागि जिल्ला प्रहरी कार्यालयमा निवेदन दिएको र जो कसैले भेटेमा खबर गरिदिन समेत आग्रह गरिएको प्रहरीले जनाएको छ । श्रीमान् एकबहादुर र आशाकी सात वर्षीया एक छोरी र पाँच वर्षीय एक छोरा छन् ।


**पसल तु-बिक्रीमा**

बिर्तामोडस्थित मनमोहन हस्पिटल अगाडि सूर्योदय मार्केटमा अति चालू अवस्थाको गिफ्ट आइटमको पसल तु-बिक्रीमा छ ।

सम्पर्क : ९८१४९७६५५५



securiguard Middle East

**UAE मा PSBD Guard हरुलाई रोजगार**

कम्पनी: Securiguard Middle East Llc, Abu Dhabi

पूर्व स्वीकृत मिति: २०७६/०८/०१ | चलानी नं.: ६०१४६४२६ | L.T. No.: 227241

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 350 | 0 | [illegible] | 2000 | ६२,३८० | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | | २ वर्ष |

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर २२ बर्ष देखि ४० बर्ष ननाघेको र उचाई ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ ।

Basic Salary AED 2000 र Overtime Allowance AED 770 सहित AED 2770 भन्दा माथि कमाउन सकिनेछ ।

फाईनल अन्तरवार्ता कम्पनिको प्रतिनिधिद्वारा विर्तामोडको होलिडे होटलमा मंसिर १७ र १८ गते हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादी जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैंले | रु. ७००/- कामदारले तिर्ने | रु. १,३००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**सन लाइट ह्युमन रिसोर्स प्रा.लि.**

Lic No. 689/063/064

सामाखुसी-२९, सामाखुसी टाउन, प्लानिङचोक, काठमाडौं फोन ०१-४३८४८८

मोबाइल नं. 9801408283, 9801033974, 9802070510, 9801033977, 9801033975, 9801023813



**सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।**

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

बिर्तामोड, झापा

सम्पर्क राजकुमार श्रेष्ठ

९८४२६३४६३७/९८०६०७०४१०/ ०२३-५४४३४४ अफिस सम्पर्क: ०२३-५४६००५

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्याङ्कीबाट सफाई गरिन्छ ।

मोबाइल : ९८५२६८६००५



# प्रेस विज्ञप्ति

हाम्रो लामो समयदेखि आ-आफ्नो पार्टीप्रति अत्यन्त इमान्दारी साथ कामकाज गर्दै आएकोमा हाल समायोजनको प्रक्रियासम्म पुग्दा पार्टी नेता तथा कार्यकर्ताले मनोगत ढंगले काम गर्ने गरेको र पार्टीको कार्यदिशा समेत अस्पष्ट भएको हुँदा यस पार्टीमा रहेर कुनै पनि जिम्मेवारीमा रहन कुनै औचित्य नदेखिएको हुँदा आजकै मितिबाट लागू हुने गरी आ-आफ्नो पद तथा समाजवादी पार्टी नेपालको साधारण सदस्य समेत नरहने गरी यसै प्रेस विज्ञप्तिद्वारा सम्पूर्ण सम्बद्ध पक्षलाई अवगत गराउँदै संयुक्त राजीनामा पेश गर्दै समाजवादी पार्टी परित्याग गरी स्वतन्त्र रहने घोषणा गर्दछौं ।

**तपसिल**

| सि.नं. | नाम | पद |
|---|---|---|
| १ | देवकला प्रसाई | केन्द्रीय सदस्य समाजवादी पार्टी नेपाल |
| २ | पनीता ढकाल | म.के.सदस्य+प्रदेश सदस्य समाजवादी पार्टी नेपाल |
| ३ | बुद्ध बराइली | केन्द्रीय सदस्य (सेल्फी) समाजवादी पार्टी नेपाल |
| ४ | राजन खड्का | वडाध्यक्ष मे.न.न.पा.वार्ड नं. ९ |
| ५ | अनिता बस्नेत | सचिव मे.न.न.पा. वार्ड नं.० |
| ६ | चन्द्रजीत राई | |
| ७ | अम्बिकाप्रसाद फुयाल | २८ नाङठु राजवंशी |
| ८ | विमलदेव काफ्ले | २९ जोसिस राजवंशी |
| ९ | परशुराम काफ्ले | ३० मण्डल मलाहा |
| १० | गोकुल हुमागाई | ३१ सन्तोष किसान |
| ११ | राजकुमार प्रधान | ३२ सरिता चौधरी |
| १२ | कमला पराजुली | ३३ गिता सापकोटा |
| १३ | बुद्धिबहादुर श्रेष्ठ | ३४ कुमारी शाहा |
| १४ | देवकुमारी चौधरी | ३५ धन ब. सुब्बा |
| १५ | कृष्ण तामाङ | ३६ पूर्णिमा मिया |
| १६ | नरेन्द्र तामाङ | ३७ उदय गुरुङ लगायत १३६ जना (संघीय परिषद सदस्य) |
| १७ | सुकमाया सार्की | |
| १८ | विर्ख साही | |
| १९ | भगिरथा प्रसाई (बस्नेत) | |
| २० | विनोद पौडेल | |
| २१ | शोभा चौधरी | |
| २२ | आशा चौधरी | |
| २३ | देवी भुजेल | |
| २४ | गंगा गिरी | |
| २५ | पवित्रा चौधरी | |
| २६ | पद्मादेवी बानियाँ | |
| २७ | ज्ञानेन्द्र सुब्बा | |



**बिर्तामोड नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

**बिर्तामोड नगरपालिकाद्वारा जनहितमा जारी सन्देश**

*‘पूर्वाधारयुक्त नगर, विषादीरहित कृषि र व्यवसायको अभिवृद्धि सभ्य र स्वस्थ्य नागरिक बिर्तामोड नगरपालिकाको समृद्धि’*

- समयमै कर तिरी असल नागरिकको परिचय बनाऔं ।
- कुनैपनि व्यापार व्यवसाय,उद्योग धन्दा सञ्चालन गर्दा अनिवार्य रुपमा नगरपालिकामा व्यवसाय दर्ता गरी प्रमाण पत्र लिऔं ।
- व्यवसायकर, घरबहाल कर लगायतका कर समयमा नै तिरेर स्थानीय क्षेत्रको विकासका लागि योगदान गरौं ।
- सार्वजनिक स्थल र सम्पत्तिको संरक्षण गरौ । सडक वरपर अनाधिकृत रुपमा अतिक्रमण नगरौं ।



भूमिसुधार कार्यालय भद्रपुर, झापाको

**मोही हकदावी सम्बन्धी सूचना**

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| रुपा राई | कुमरखोद-२ | ४५ | ५८७०.०० | समय हेमरम सतार/सोमाइ हेमरम |
| पूर्णकुमार राई | कुमरखोद-२ | ६१७ | २४११.०० | पगला मर्डि |
| पूर्णकुमार राई | कुमरखोद-२ | ४८ | ३४०.०० | ठाकुर हेमरम |
| पूर्णकुमार राई | कुमरखोद-२ | ११ | १३८०.०० | माझी हस्दा |
| रुपा राई | कुमरखोद-२ | ६१६ | ५६३.९७ | पगला मर्डि |
| इन्दिरा रिजाल | महाभारा-१ | ८४९ | ०-१२-० | उगन हजाम |
| फणिन्द्रप्रसाद ढुंगेल | महाभारा-१ | ७६१ | ०-१९-१५ | रामलाल नुनिया |
| फणिन्द्रप्रसाद ढुंगेल | महाभारा-१ | ४१ | ०-१५-१० | कुकुरा/कुकु राजवंशी |
| बालिका भट्टराई | महाभारा-१ | ८५१ | ०-६-१० | उगन हजाम |
| दोमासी राजवंशी | चन्द्रगढी-४ | १६३५ | ०-१-० | घेनलाल/घेन राजवंशी |
| रञ्जन राजवंशी | चन्द्रगढी-४ | १६३४ | ०-१-० | घेनलाल/घेन राजवंशी |
| फुलिमाया महतो समेत | चन्द्रगढी-४ | ३६७ | ०-७-१० | बडिया राजवंशी |

# सिलवाल दम्पत्तिले फलाए छतमै अर्ग्यानिक तरकारी



के तपाईंको घर शहरमा छ र तरकारीबाली लगाउन जमिनको अभाव छ ? त्यसो हो भने कौसीमा तरकारी लगाउने अर्को विकल्प छ । शहरका पक्की घरको कौसीमा यसरी तरकारी लगाउने अभ्यास धेरैले गर्दै आएका छन् । उनीहरुको अनुभवले कौसीको खाली ठाउँको सदुपयोगबाट अर्ग्यानिक तरकारी खेती गर्न सकिने सानो परिवारलाई वर्षभरि पुऱ्याउन सकिन्छ ।

शहरका तरकारी खेतीका लागि जग्गा जमिनको अभाव, तरकारीको बढ्दो मूल्यवृद्धि, विषादीयुक्त तरकारीको बिगबिगी भइरहेको सन्दर्भमा सिजन अनुसार कौसीमा उत्पादन गरेको तरकारीबाट फाइदा लिन सकिने देखिएको हो । कौसीमा तरकारी लगाउँदा एकातिर हरियालीले घरको सौन्दर्यता हुन्छ भने अर्कोतिर घरबाट उत्पादन हुने कुहिने फोहोरको पनि व्यवस्थापनमा पनि सहज हुन्छ ।

दैनिक भान्साबाट निस्किने फोहोरलाई कम्पोस्ट मल बनाएर तरकारी बालीका प्रयोग गर्न सकिन्छ । पछिल्लो समय झापामा कौसीमा सानो परिवारका लागि पुग्नेगरी तरकारी बाली लगाउन थालिएको छ । परम्परागत तरिकाले गरिएको कौसी खेतीमा थोरै नयाँ प्रविधिको प्रयोग गरिएमा यसबाट मनग्य फाइदा हुने बताइएको छ ।

झापाको बिर्तामोड नगरपालिकालाई अर्ग्यानिक नगरको रुपमा विकास गर्ने नगर प्रमुख ध्रुवकुमार शिवाकोटीको योजनालाई थप टेवा पुऱ्याउँदै आफूले उपभोग गर्ने तरकारी आफ्नै घरको छतमा फलाएर नगरलाई तरकारीमा आत्मनिर्भर बनाउन सकिने भन्दै बिर्तामोड-३ बिर्ताबजारका सिलवाल दम्पत्तिले घरको छतमा कौसी खेती गरिरहेका छन् । आफ्नो कौसीमा खुर्सानी, गोलभेँडा, भिन्डी, साग, फर्सी, बोडी लगायतका तरकारी लगाएर आफ्नो परिवारलाई वर्षभरि पुग्ने तरकारी उत्पादन गर्दै आएको मोहन सिलवालले बताए । उनले चार जनाको परिवारलाई कौसीमा फलेको ताजा तरकारीले पुग्ने गरेको बताउँदै आफ्नो छतको सदुपयोग हुनुका साथै स्वस्थ्य तरकारी खान पाएको उल्लेख गरे ।

कौसीमा मूला, खुसार्नी, बोडी, फर्सीका साथै इस्कुसको टुप्पा खानका लागि पनि राम्रा फस्टाउने गरेको मेनुका सिटौला(सिलवाल)ले बताइन् । उनले कौसीमा रोपेको सिमी वर्षभरि नै पुग्ने बताइन । बाहिरको भन्दा स्वस्थकर हुने भएकाले कौसीको तरकारी राम्रो हुने उनले भनाइ छ । मेनुकाले यसरी कौसीमा तरकारी लगाउन थालेको चार वर्ष भइसकेको छ । उनले भनिन्- 'जाँगर भयो भने कौसीमा पनि तरकारी फलाउन सकिन्छ । कौसी खेतीको महत्व बढ्दै गएको छ । सबै जग्गामा घर बनिसके, रोप्ने ठाउँ छैन, अब कौसीमा खेती गरेर खाने ।'

झापाका सबैले आफ्नो छतको उपयोग गर्दै कौसी खेती गरेमा भारत तथा अन्य विभिन्न स्थानबाट आयात हुने आधाभन्दा धेरै तरकारीमा कमी आउने सिलवाल दम्पत्तिको भनाई छ । धेरै मेहनत गर्नुपर्दैन, बिहान-बेलुका फुर्सदको समयमा काम गरे हुन्छ भन्दै मेनुकाले भनिन्-बिहान र बेलुका खाली समय कौसीमा नै तरकारीमा पानी हाल्नेदेखि गोडमेल गर्दै समय बित्ने गरेको छ । सिजन अनुसारको तरकारी लगाउन मिल्ने तथा विभिन्न रोगको संक्रमण पनि नहुने तथा वर्षाको समयमा पानीले डुबाउला भन्ने चिन्ता पनि भएको मोहनको भनाई छ ।

माछा प्याकिङ गर्ने बाकसमा आँप बोट छ । त्यस्तै कागती फलेको छ भने अन्य विभिन्न फलफुलका बिरुवाहरु पनि प्रशस्त रहेको छ । बोरा, गमला, माछाको बाकस, सिमेन्टको बाकस, फलामको बाकस लगायतमा माटो हालेर उनले तरकारी लगाएका हुन् । हरेक वर्ष माटो र कम्पोस्ट मल परिवर्तन गर्ने गरेको बताए । मेहनत गरेर कौसीमा तरकारी लगाउने हो भने सानो परिवारका लागि बाहिर तरकारी किन्न नपर्ने उनले बताए । घरबाट निस्किने कुहिने फोहोरबाट कम्पोस्ट मल बनाएर तरकारीमा लगाउने गरेको सिलवाल दम्पत्तिको भनाई छ ।

कौसीमा तरकारी खेती व्यावसायिक रूपमा भन्दा पनि धेरैले फुर्सदको समय सदुपयोग गर्न सौखका रूपमा गरिरहेको पाइन्छ । माछाको बाकस, गमला, ड्रम, बोरा तथा प्वाल परेका बाल्टिन लगायतका सामग्रीमा कम्पोस्ट मल र माटो भरेर तरकारी लगाउन सकिन्छ । अहिले बजारमा कम्पोस्ट मल बनाउनका लागि कम्पोस्टबिन पनि पाइन्छ । त्यसमा दैनिक घरबाट निस्कने कुहिने फोहोर जम्मा गरेर कम्पोस्ट मल बनाउन सकिन्छ ।

सिलवाल दम्पत्तिले तरकारीबाट मात्रै मासिक रुपमा पाँच हजार रुपैयाँसम्म बचत हुने गरेको बताए । समयको बचतका साथै ताजा तरकारी खान पाइने भएकाले आफूहरुले घरको छतमाति कौसी खेती शुरु गरेको उनीहरुको छ । दिउँसो श्रीमान-श्रीमती नै ट्राभल एजेन्सीमा ब्यस्त हुन्छौं मोहनले भने- बिहान बेलुका फुर्सदको समयमा कौसीमा तरकारी लगाएका छौं यसमै ध्यान दिने गरेका छौं ।

घरको छतमाथि तरकारी खेती शुरु गरेपछि हालसम्म आलु, कोभी लगायतका तरकारी बाहेकका अन्य तरकारी बजारबाट किनेर ल्याउनु नपरेको मेनुकाको भनाई छ । स्वास्थ्य प्रति निकै सचेत देखिएका सिलवाल दम्पत्तिले घरको बरण्डामा समेत ढकमक्क फुलफुलाएका छन् । उनीहरु भन्छन्- खाली समयको सदुपयोग गरौं, आफ्नै घरको छतमा तरकारी खेती गरौं । आफ्नो घरमा आउने पाहुनालाई समेत कोशेली स्वरुप तरकारी दिनुका साथै कतै जानुपरेमा समेत तरकारी लिएर जाने गरेको बताए ।

इच्छाशक्ति भएमा आफ्नै घरमा पनि तरकारी फलाउँन सकिने भन्दै समय र कामको महत्व बुझेमा यसबाट धेरै फाइदा लिन सकिने उनीहरुको भनाई छ । पछिल्लो समय जनघात्व बढ्दै गएको बिर्तामोडमा नगरपालिकाले कौसी खेतीलाई प्रोत्सहान गर्न सकेमा भान्साबाट निस्कने फोहोरको ब्यवस्थापन हुनुका साथै ताजा र आर्गनिक तरकारी खान पाउने सिलवाल दम्पत्तिको विश्वास छ ।

**प्रस्तुति : नरेन्द्र ढकाल**

## हिमशिखर साना किसान सहकारीको सभा

□ **दिपेन लावती**

**शान्तिनगर, मंसीर ७।** हिमशिखर साना किसान कृषि सहकारी संस्थाले आर्थिक बर्ष २०७५/०७६ मा १० लाख ९७ हजार  पाँच सय ६५ रुपैयाँ नाफा कमाएको छ ।

संस्थाको सातौं वार्षिक साधारणसभामा अध्यक्षले प्रस्तुत गरेको प्रतिवेदनमा उक्त कुरा उल्लेख छ । त्यस्तै संस्थाले एक सय ८७ समूह गठन गरी एक हजार २१ जना शेयर सदस्य पुऱ्याएको छ । संस्थाले ६० लाख ५१ हजार पाँच सय रुपैयाँ चुक्ता पुँजी र तीन  करोड ४२ लाख ४५ हजार एक सय ४८ रुपैयाँ ऋृण लगानी गरेको संस्थाका व्यवस्थापक नारायण पौड्यालले जानकारी दिए ।

संस्थाले आर्थिक बर्ष २०७५/०७६ मा सामाजिक सामुदायिक कार्यक्रम अन्तर्गत शेयर सदस्यहरुलाई आत्मनिर्भर बनाउन मिनिकेट वितरण गरेको छ भने १४ क्विन्टल रामपुरे मकै वितरण गरेको छ । कार्यक्रममा साथै कर्जा बिमा कार्यक्रम सञ्चालन, सीपमूलक तालिम, पशु स्वास्थ्य परीक्षण, पशुस्वास्थ्य सचेतना कार्यक्रम, सहकारी शिक्षा तथा तालिम, शेयर सदस्यहरुका लागि उपचार व्यवस्था, पशु प्राविधिकको दरबन्दी कायम, करारमा रहेका कर्मचारीलाई स्थायीका लागि प्रक्रियामा जाने, इजरायल प्रशिक्षार्थी कार्यक्रमलाई निरन्तरता दिने, तीन बर्षे व्यवसायिक योजना तयार पारी लागू गर्ने संस्थाको आगामी कार्यक्रममा समेटिएको छ ।

सोही कार्यक्रममा संस्थाका शेयर सदस्यहरुको छोरा/छोरी मध्ये सामुदायिक र संस्थागत विद्यालयबाट कक्षा-१२ मा उत्कृष्ट अंक ल्याउने अस्मिता पौड्याल, अनिल पौड्याल, भावेश पौड्याल र बर्षा ढुंगेललाई जनही दुई हजार पाँच सय रुपैयाँसहित सम्मान गरेको छ । त्यस्तै उत्कृष्ट कृषकहरु पदममाया योङहाङ (बाखापालन), राम राना मगर(बाखापालन), नर्वदा गड्तौला(गाईपालन), दलबहादुर राई(तरकारी खेती), टीका पौड्याल र सीता भट्टराई (तरकारी खेती)लाई कृषि औजारसहित सम्मान गरिएको छ ।

संस्थाका अध्यक्ष कृष्णप्रसाद आचार्यको अध्यक्षता तथा बुद्धशान्ति गाउँपालिका सहकारी विभागका प्रमुख देवेन्द्र दाहालको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । संस्थाका उपाध्यक्ष दुर्गा पोखेलले स्वागत गरेको कार्यक्रममा सहकारी अभियान्ता गंगाराम राई, इन्सेक बुद्धशान्तिका अध्यक्ष देवकुमारी शेर्मा, संस्थाका पूर्व अध्यक्ष धनबहादुर श्रेष्ठ, साना किसान सहकारी बैंकका सुभाष गौतम लगायतले मन्तब्य राखेका थिए । कार्यक्रमको सञ्चालन संस्थाका व्यवस्थापक नारायण पौड्यालले गरेका थिए ।


इन्दै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो
आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो

# श्रद्धाञ्जलि/कृतज्ञतासहित निमन्त्रणा

हाम्रा नाति/छोरा/भतिज/भाइ बिर्तामोड-४ निवासी **सुशन पौडेल (बोध पौडेल)**को यही मिति २०७६ कात्तिक २८ गते बिहीबारका दिन भएको असामयिक निधनले हामीलाई अत्यन्त मर्माहत एवम् भावविह्वल बनाएको छ । दुःखको यस घडीमा दिवंगतको आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं । यस दुःखद् घडीको पीडादायी क्षणमा हामीप्रति सहानुभूति, समवेदना र सहयोग प्रदान गर्नुहुने सम्पूर्ण आफन्तजन, इष्टमित्र, छरछिमेक, मलामीजन, संघ-संस्था, शुभेच्छुक, कुलकुटुम्ब, बन्धुबान्धवहरूप्रति हार्दिक धन्यवादसहित कृतज्ञता ज्ञापन गर्दछौं ।

साथै यही मिति २०७६ साल मंसीर ९ गते सोमवार १२औं दिनका दिन गरिने शुद्धशान्तिको कार्यमा उपस्थित भई पितृप्रसाद ग्रहण गरी दिनुहुन सम्पूर्ण आफन्त, इष्टमित्र, छरछमिक, मलामीजन, शुभेच्छुक, शुभचिन्तक, कुलकुटुम्ब, बन्धुबान्धवहरूप्रति हार्दिक निमन्त्रणा गर्दछौं ।



**स्व. सुशन पौडेल (बोध पौडेल)**
**जन्म : २०४९ असोज ३ गते**
**निधन : २०७६ कात्तिक २८ गते**

हजुरबुबा/आमा
**माहालाल पौडेल+ पवित्रा पौडेल**

बुबा/आमा
**कमल पौडेल+ पुष्पा पौडल**

दाजुः **निशान पौडेल**
दिदीः **प्रनिता पौडेल**

ठूलोबुबा/आमा
**प्रेम पौडेल+ रमा पौडेल, रुक्मिणि पौडेल**

काका/काकी
**नारायण पौडेल+ सीता पौडेल**
**गोपाल पौडेल+ रुपा पौडेल**
**राजु पौडेल+ कृष्णा पौडेल**

एवम् **समस्त पौडेल परिवार**

**बिर्तामोड-४, (भद्रपुर बसस्टेण्ड) झापा, (९८४२६३४१६५)**